का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १४८
- १८ साउन २०७७, आइतबार
- 2 August 2020,Sunday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: शनिबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | २००८६ जना | १४४९२ जना | ३८२४०९ | ५५३८ | ५६ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ७८ लाख ४३ हजार | १ करोड १२ लाख २५ हजार | ६ लाख ८४ हजार | ५९ लाख ३३ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम




# लकडाउन खुलेपछि बढ्यो संक्रमण

- संक्रमितहरु: स्वास्थ्यकर्मी, सांसद, सशस्त्र, सेनादेखि सर्वसाधरणसम्म
- उच्च जोखिममा परेको पर्साका सांसद प्रदीप यादवलाई पनि संक्रमण
- शनिबार थप ३१५ जनामा संक्रमण, ९३ डिस्चार्ज

लकडाउन खुलेपछि कोभिड महामारीको संक्रमण बढेर गएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। लकडाउन पछाडि परीक्षण दर बढेको र संक्रमण पनि बढेको मन्त्रालयले जनाएको छ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ साउन ।

कोभिड संक्रमणको महामारीबाट शनिबारसम्म २० हजार बढीमा संक्रमण पुष्टि भइसकेको छ। यो अवधिमा ५६ जनाको मृत्यु भएको छ भनेसांसद, सेना, सशस्त्र, स्वास्थ्यकर्मी देखि सर्वसाधरणसम्ममा संक्रमण पुष्टि भएको छ। शुक्रबार मात्रै पर्साका सांसद प्रदीप यादवलाई संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लकडाउन खुलेपछि नेपालमा संक्रमण बढेको जनाएको छ। यसका प्रमुख तीन कारण रहेको मन्त्रालयले जनाएको छ। पहिलो, स्थलगत आवागमनका क्रममा भारतबाट आउनेहरुको स्वाब संकलन नगरी प्रवेश गर्न दिइनु हो। मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमले नाकाहरुमा स्वाब परीक्षण नगरी प्रवेश गर्दा जोखिम बढेको बताए।



*काठमाडौं मध्यबानेश्वरस्थित एक घरको छतबाट देखिएको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल तथा काठमाडौं उपत्यका वरपर क्षेत्र। तस्वीर :प्रदीपराज वन्त*

यस्तै, सिंहदरबारकै कर्मचारीमा समेत सामाजिक दुरी कायम नहुनु, मास्क प्रयोग नगर्नु र मास्क लगाए पनि चिउँडोमा राख्ने प्रवृत्ति महामारी फैलने खतराको दोस्रो कारण रहेको प्रवक्ता गौतमले बताए। उनले भने, “सिंहदरबारकै कर्मचारीले समेत सामाजिक दुरी कायम नगर्ने, मास्क नलगाउने र लगाए पनि चिउँडोमा लगाउनुले जोखिम बढेको छ।” मन्त्रालयले तेस्रो कारण भने २५ जना भन्दा बढीको संख्यामा भेला हुनुलाई मानेको छ। रोक लगाउँदा लगाउँदै पनि भेला हुने गरेको पाइएको उनले बताए।

त्यस कारण लकडाउनको अन्त्य भएपछिको ११ दिनमा संक्रमित संख्या ०.८ प्रतिशतले बढेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। लकडाउन खोल्नुअघिका ११ दिनमा ४७ हजार ८७७ नमूना परीक्षण गर्दा २.८ प्रतिशत अर्थात् एक हजार ३४५ जनामा संक्रमण पुष्टि भएको थियो। लकडाउन खुलेपछिको ११ दिनमा ५८ हजार १७४ नमूना परीक्षण गर्दा दुई हजार ९२ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ। सरकारले यही साउन ६ गते मध्यरातदेखि लकडाउन अन्त्य भएको घोषणा गरेको थियो।

पछिल्लो २४ घण्टामा नेपालमा छ हजार ९९३ नमूना परीक्षण गर्दा थप ३१५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। मन्त्रालयका अनुसार शनिबार सबैभन्दा बढी कैलालीमा ८९ जनामा संक्रमण देखिएको छ। बझाङमा ६८, पर्सामा ६६, अछाममा २८, इलाममा २२, कञ्चनपुरमा नौ, सप्तरीमा सात, सिरहा र काठमाडौंमा पाँच/पाँच, मोरङ, झापा, रामेछाप र रुपन्देहीमा दुई/दुई, सुनसरी, उदयपुर, बारा, रौतहट, काभ्रेपलाञ्चोक, भक्तपुर, कास्की र सल्यानमा एक/एक जनामा सङ्क्रमण पुष्टि भएको छ।

यससँगै नेपालमा कोरोना सङ्क्रमितको कूल संख्या २० हजार ८६ पुगेको बाँकी पृष्ठ २ मा

## प्रचण्डले भने–

# ‘नेकपामा पदको लडाइँ होइन’

स्थायी कमिटी बैठकबारे दुई अध्यक्ष बीच नै फरक–फरक निर्णय लिएपछि शनिबार एक अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेकपामा पदको लडाइँ नभएको बताएका छन्।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ साउन ।

गएको साउन १३ गते स्थायी कमिटीबारे फरक-फरक निर्णय लिएपछि मौनता छाएको सत्तारुढ नेकपाका एक अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मुख खोलेका छन्। शनिबार ललितपुरमा आयोजित एक कार्यक्रममा प्रचण्डले पार्टीबारे बोलेका हुन्।



पूर्वप्रधानमन्त्री रहेका प्रचण्डले पार्टी एकतालाई अझै माथिल्लो स्तरमा सुदृढ गर्नुपर्नेमा जोड दिनुपर्ने बताए। “आम कार्यकर्ता र जनताको चाहना नेकपा विभाजन नहोस् भन्ने रहेको छ। जन चाहनालाई कदर गर्न एकतालाई उच्चस्तरमा सुदृढ गर्नुपर्छ”, प्रचण्डले भने।

तुलसीलाल अमात्यको स्मृति दिवसका अवसरमा ललितपुरमा आयोजित कार्यक्रममा प्रचण्डले पार्टीमा बहस र विवाद हुनु सामान्य भएको बताए। विचार, मान्यता, विधि र पद्धति कस्तो हुने भन्ने बहस नेकपाभित्र र त्यसलाई प्रतिक्रियावादीले पद प्राप्तिको झिनाझम्टी भन्ने गरेकाले नपत्याउन प्रचण्डले आग्रह गरे।

अध्यक्ष प्रचण्डले भने, “पदका लागि होइन, राष्ट्र र जनताको सेवा नै मुख्य हो। पद हाम्रो विषय होइन। राष्ट्र र जनताको भविष्य सुनिश्चित गर्ने र विकास गर्ने जिम्मेवारीमा हामी छौं।”

उनले कम्युनिष्ट पार्टी विचार र पद्धतिमा चल्ने भएकाले बहस हुने कुरा स्वभाविक बताए। राजनीतिक अस्थिरता र एकताका निम्ति आफूले पद त्याग गर्दै आएको समेत स्मरण गर्दै उनले भने, “मैले संविधान बनाउने बेलामा पनि, स्थानीय तहको निर्वाचन गर्ने बेलामा बाँकी पृष्ठ २ मा

# नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघ गठन

## व्यवसायी देवकोटाको अध्यक्षतामा एघार सदस्यीय तदर्थ समिति

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ साउन

स्थापित संस्थाहरुमाथि आफ्ना हकअधिकार रक्षाको शसक्त भूमिका नखेलेको आरोप लगाउँदै वैदेशिक रोजगार क्षेत्रका महिला व्यवसायीहरुले छुट्टै संस्था निर्माण गरेको बताएका छन्। उनीहरुले शनिबार राजधानीको लाजिम्पाटमा महिला व्यवसायीहरुको भेला गरी सीतादेवी देवकोटाको अध्यक्षतामा नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघ गठन गरेको बताएका छन्।

हाल एघार सदस्यीय तदर्थ कार्यसमिति रहेको महिला व्यवसायीहरुको संघलाई संघसंस्था ऐन २०३४ अन्तर्गत जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता गरी विधिवत रुपमा सञ्चालन गर्ने उनीहरुको निर्णय छ। गल्फ लिंक ओभरसीज प्रा.लि.की सञ्चालक देवकोटा अध्यक्ष रहेको संघमा एसआरएस म्यानपावर प्रा.लि.की सञ्चालक सुभद्रा देवी बराल र अरोमा इटरनेशनल प्रा.लि.की सञ्चालक प्रतिमा महर्जन उपाध्यक्ष रहेका छन्।

मदिना इन्टरनेशनल प्रा.लि.की सञ्चालक सुवर्ण श्रेष्ठ महासचिव, लुम्बिनी दर्शन प्रा.लि.की सञ्चालक माधुरी मुडवरी पौडेल सचिव र सुपर्ब फर अल्टिमेट प्रा.लि.की सञ्चालक चन्द कमल श्रेष्ठ कोषाध्यक्ष रहेका छन्।

त्यसैगरी कार्यसमिति



सदस्यहरुमा एस एलडी म्यानपावर प्रा.लि.की सञ्चालक सरस्वती गुरुङ, अलकर्निस म्यानपावर प्रा.लि.की सञ्चालक हिरादेवी बुढाथोकी, अक्टुपस रिक्रमेन्ट प्रा.लि.की सञ्चालक सुनिता कर्माचार्य, तत्कालीन नारायणी ओभरसीज प्रा.लि.की सञ्चालक हेमा गुरुङ र प्यासिफिक प्रा.लि.की सञ्चालक गंगा कमारी पुन रहेकी छन्।

नेपालमा ‘महिला व्यवसायी’ भएर व्यवसाय सञ्चालन गर्न अत्यन्तै चुनौती रहेको तर वैदेशिक रोजगारका क्षेत्रमा स्थापित संघसंस्थाहरुले सरकारी निकायमा छलफल गर्दा महिला व्यवसायीहरुका समस्या नउठाइदिने गरेको आरोप लगाउँदै अध्यक्ष देवकोटाले भनिन्, ‘हामी कुनै पनि संस्थाको नाम लिन चाहन्नौं, तर हाम्रो आवाज कसैले उठाइदिएनन्। त्यसैले नयाँ संस्था बनाउनुपर्ने अवस्थामा पुग्यौं।’

आफ्नो नेतृत्वको संस्थाले सबै व्यवसायीहरुका साथै महिला व्यवसायीहरुको आवाज राज्यका निकायहरुसँग पुऱ्याउने उनले दाबी गरिन्। उनले भनिन्, ‘विगतमा व्यवसाय गर्न कै लागि लाइसेन्स बचाउन दुई, चार र छ करोडको प्रावधान आयो, हामी धरौटी राख्न बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कार्यालय प्रमुख सञ्जेल कुटिए

**काठमाडौं/मस–** निजामती कर्मचारीहरुको परम्परागत शैली भन्दा फरक टर्रो जवाफ दिने भनेर सामाजिक सञ्जालमा परिचित प्रदेश १ स्थित श्रम तथा रोजगार कार्यालय विराटनगरका प्रमुख प्रेमप्रसाद सञ्जेलमाथि शनिबार कार्यकक्षमै आफ्नै कर्मचारीबाट कुटपिट र अभद्र व्यवहार भएको छ।

प्रहरीले कुटपिटमा संलग्न भएको आरोपमा सोही कार्यालयका सहयोगी कर्मचारी नेत्र भट्टराई र मेनुका सापकोटा कोइरालालाई नियन्त्रणमा लिएको छ। कार्यालय प्रमुख सञ्जेलमाथि उनीहरुले टेबुलमा कागजात थिच्ने (पेपर वेट) को डल्लो, चप्पल, पञ्चिङ मेसिन लगायतले प्रहार गरको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीले बताएको छ।

निजामती सेवामा उपसचिव सञ्जेल चर्चित र विवादित मानिँदै आएका छन्। कतिपयले भ्रष्टाचारविरुद्ध खरो अभिव्यक्ति दिने गरेको भनेर सञ्जेलको प्रशंसा गर्ने भएपनि धेरैले उनको बाँकी पृष्ठ २ मा

# अंकमाल बिनाको इद

कोभिड महामारी रोकथामका कारण उच्च सतर्कता अपनाउनपर्ने भएकाले यसपटक इस्लाम धर्मालम्बीहरूले घरमै बसेर इद मनाएका छन्।

**सप्तरी/रासस–** सप्तरीका इस्लाम धर्मावलम्बीले आफ्नै घरघरमा बसेर शनिबार ‘बकर इद (इदुल जोहा)’ मनाएका छन्। कोरोना महामारीका कारण ठूलो सङ्ख्यामा मस्जिदमा भेला भएर तथा इष्टमित्रलाई घरमा बोलाएर यस वर्षको ‘बकर इद’ मनाउन नपाएपछि इस्लाम धर्मावलम्बीले घरपरिवारमा सीमित भएर पर्व मनाएका हुन्।

देशमा लकडाउन खुलेपछि दोस्रो महान् पर्व हर्षोल्लासपूर्वक मनाउने आशामा बसेका सप्तरीका इस्लाम धर्मावलम्बीले सप्तरीको राजविराजमा लागेको निषेधाज्ञा र विभिन्न स्थानीय तहमा लागेको लकडाउनका कारण घरमै पर्व मनाएका छन्।

धेरै जनाले घरमै बकर इद पर्व मनाइरहँदा राजविराज नगरपालिका- ४ स्थित जामे मस्जिदमा फाटफुट पुरुष मात्र नमाज पढन पुगेका थिए। तीन हजारसम्म अटाउनसक्ने सो



*कोभिड १९ को कारण इस्लाम धर्मावलम्बीहरूले घरै नमाज पढेर परिवारका सदस्यहरूसँग खुसी साटेर मनाएका छन्। तस्वीर : रोशन सापकोटा*

मस्जिदमा सामाजिक दूरी कायम गरी ६०/६० जनाका दरले दुई सिफ्टमा नमाज पढिएको राजविराज-४ का सरफराज अन्सारीले बताए।

जिल्लाभरीकै इस्लाम धर्मावलम्बी आउनसक्ने जामे मस्जिदमा यो वर्ष राजविराज- ४ का सीमित मानिस मात्र रहेको उहाँले बताउनुभयो। कोरोना भाइरस सङ्क्रमणको जोखिमका कारण पाहुना, अतिथिको उपस्थितिविना नै बकर इद मनाइएको राजविराज नगरपालिका- ११ झल्लीका इमरान अलीले बताए।

यसअघि बकर इदमा अन्य धर्म, जातिका साथीभाइकोसमेत उपस्थितिमा खानपिन बाँकी पृष्ठ २ मा

## दार्चुलाको दत्तु-थाप्ला सडक निर्माणमा अनियमितताको आरोप

# के भन्छन् सरोकारवालाहरू ?

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, १७ साउन

दार्चुलाको महाकाली नगरपालिका वडा नं. ९ मा पर्ने दत्तु-थाप्ला सडक निर्माणका नाममा अनियमितता भएको भन्ने चर्चाले अहिले महाकाली नगर तातेको छ। सो बारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परे पछि स्थानीय नगरबासीहरुबीच चासो बढेको हो। सो उजुरीपश्चात अख्तियारको टोलीले सडक निर्माण कार्यको स्थलगत अध्ययनसमेत गरि सकेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुर निकट श्रोतले जनाएको छ।

दत्तु-थाप्ला सडक खण्ड निर्माणका लागि अघिल्लो आर्थिक बर्ष २०७५र७६ मा स्थानीय वडा नं. ९, महाकाली नगरपालिका, सुदुरपश्चिम प्रदेश सरकार तथा संघीय सरकारबाट बजेट विनियोजन गरेको थियो। उक्त सडक खण्ड निर्माणका लागि वडा कार्यालयबाट ४० लाख, नगरपालिकाबाट ४० लाख र संघीय सरकारको स्थानीय पूर्वाधार विकास साधेदारी कार्यक्रमको २५ लाख गरी एउटै योजनामा १ करोड ५ लाख विनियोजन गरिएको थियो। वडा, नगरपालिका र संघीय सरकारको सांसद विकास कोष (स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम) को बजेट पनि उक्त सडकमै विनियोजन गरिएको वडा नम्बर ९ का वडाध्यक्ष हरसिंह



डाँगाले जानकारी दिए।

वडादेखि नगरपालिका र संघीय बजेटलम्म विनियोजन गरिएको उक्त सडकमै प्रदेश सरकारबाट प्राप्त बजेट समेत खर्च गर्ने तयारी भएपनि समय अभावले खर्च गर्न सकिएको थिएन। वडाध्यक्ष डाँगाका अनुसार सुदूरपश्चिम प्रदेश सकारकाको पूर्वाधार विकास साझेदारी कार्यक्रमको ४० लाख बजेट समय अभावका कारण फ्रिज गएको हो। असारमा मात्रै बजेट प्राप्त भएकाले उक्त रकम खर्च गर्न नसकिएको र फ्रिज गएको वडाध्यक्ष डागाको भनाइ छ।

वडा तथा नगरपालिकाको ४०र ४० लाख गरि जम्मा ८० लाखको बजेट कार्यान्वयनका लागि स्थानीय महेश सिंह कार्कीको अध्यक्षतामा उपभोक्ता समिति गठन गरिएको थियो। वडा र नगरको ८० लाख बजेट कार्यान्वयनका लागि समिति गठन गरी सके पछि संघबाट प्राप्त २५ लाख बजेट पनि उक्त समितिकै जिम्मा दिइएको थियो।उपभोक्ता समितिले राम्रो काम गरेको भन्दै त्यही समितिलाई दिनुपर्ने आवाज उठेकाले सोही समितिलाई दिइएको नगरपालिकाले जनाएको छ। एउटै उपभोक्ता समितिले वडादेखि केन्द्रसम्मको बजेट चलाउने मौका पाएको थियो तर निर्माणमा अनियमितता भएको भन्दै अख्तियारमा मुद्दा परेको छ।

काम सम्पन्न भइसकेकाले केही रकम भुक्तानी गरिएको र २५ लाख तथा धरौटी रकम रोक्का गरिएको महाकाली नगरपालिकाका नगरप्रमुख हंसराज भट्टले मध्यान्ह राष्ट्रय दैनिकलाई जानकारी दिए।

नगर प्रमुख भट्टका अनुसार दुईवटा स्थानीय तह जोड्ने भएकोले पनि उक्त सडकलाई नगरपालिकावे आवश्यकताका रुपमा लिएको र महत्व पनि दिएको हो। अघिल्लो आर्थिक बर्षको बजेट बिनियोजित उक्त बाटो निर्माणको कार्य ६ किलोमीटर ट्र्याक खोल्न सफल भएबाट राम्रो काम सम्पन्न भएको नगरपालिकाको मूल्या'कन छ। नगर प्रमुख भट्टले भने, 'बाटो निर्माण भए पछि ठेका गाउँमा पर्ने सडक खण्डमा बर्षाले माटो बगाए पछि स्थानीयको केहि बालीमा क्षति पुगेको सा'चो हो। पीडितलाई नगरपालिकाले राहतसमेत उपलब्ध गराइ सकेको छ। भूक्षय हुने छाउँमा यस पटक पनि महिला लक्षित कार्यक्रम अन्तरगत करिव चार लाख रुपैया' बजेट छुट्याई तार जाली लगाइएको छ।'

सडक निर्माण सम्पन्न भएपनि उक्त सडक सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेकाले २५ लाख बजेट र धरौटी रकम रोक्का गरिएको नगर प्रमुख भट्टको भनाई छ। केहिले राजनीतिक खेलोको बिषय बनाएर बिषय उछालिएको हुन सक्ने बताइएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दा परेको विषयबारे उपभोक्ता समिति अध्यक्ष कार्कीले भने व्यक्तिगत इबिका कारण उजुरी हालिएको आरोप लगाएका छन्। सडक निर्माण गर्दा एउटै ठाउँमा केही घुम्तीहरु बढी परेकोले ती ठाउँ बाहेक सम्पूर्ण काम राम्रोलंग सम्पन्न भइसकेको जो कोहिले पनि हेर्न बुझ्न सक्ने समिति अध्यक्ष कार्कीले दाबी छ। उक्त सडक निर्माण अनियमितता बारेको उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरले हेरिरहेको छ।

## अनशनरत 'इनफ इज इनफ' का अभियन्तालाई कांग्रेसको समर्थन




**काठमाडौं/मस-** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वसन्तपुरमा अनशनरत युवाको माग तत्काल सम्बोधन गर्न सरकारलाई आग्रह गरेका छन्।

शतप्रतिशत पिसीआर परीक्षणको माग राख्दै १५ दिनदेखि अनशनरत 'इनफ इज इनफ' का अभियन्तालाई शनिबार वसन्तपुरमा भेटेर उनले अनशनकारीको माग सरकारले तत्काल सम्बोधन गर्नुपर्नेमा बताए।

देउवाले भन्नुभयो,' अनशनकारीको मागप्रति हाम्रो पार्टीको ऐक्यबद्धता छ, मान्छेलाई मर्न दिन हुँदैन, वर्तमान सरकारले तुरुन्तै आफ्नो मान्छे पठाएर अनशनमा बसेका युवालाई बचाउनुपर्छ, सरकारले शान्तिपूर्ण आन्दोलनकारी माथि धरपकड गर्न खोजेको छ, म यसको घोर भर्त्सना गर्छु। उनले सरकार जनताको स्वास्थ्यमाथि गम्भीर हुनुपर्ने उल्लेख गरे।

यसैबीच नेता कृष्णप्रसाद सिटौलाले पनि अनशनरत युवाले उठाउँदै आएको माग देश र जनताको हितमा रहेको बताएका छन्।

सरकारले आफ्ना प्रतिनिधि पठाएर मागलाई तत्काल सम्बोधन गर्नुपर्ने नेता सिटौलाले बताए।

उनले भने, 'त 'इनफ इज इनफ' का अभियन्ताले उठाएका मागहरूलाई कसैले पनि नाजायज भन्न सक्दैन। सरकारले आएर अनशन बस्नेहरूको मागलाई सम्बोधन गर्ने, कोरोना महामारीबाट देशलाई बचाउने माग कसैको निजी स्वार्थ पूरा गर्ने खालका छैनन्। सरकारले यसरी यति लामो समयसम्म पनि गम्भीरतापूर्वक नलिएको प्रति मलाई दुःख लागेको छ।'

यसअघि कांग्रेस नेता प्रकाशमान सिंह, पूर्वमन्त्री नविन्द्रराज जोशीलगायतले अनशनरत युवालाई भेटेर स्वास्थ्य अवस्थाबारे जानकारी लिएका थिए।

शतप्रतिशत पिसीआर परीक्षण हुनुपर्ने, क्वारेन्टिनको अवस्था सुधार गर्नुपर्नेलगायतका माग राख्दै उनीहरु अनशन बसेका हुन्।

अभियन्तासँग सरकारले गत असार २३ गते लिखित प्रतिबद्धता जनाए पनि अहिलेसम्म कार्यान्वयन नभएको बताएका छन्।

विगत १५ दिनदेखि जारी अनसनको सुनुवाई सरकारले नगरेपछि शुक्रबार बालुवाटारमा विरोध प्रदर्शन समेत गरेका थिए।

## गुरुयोजना खारेजीको माग राख्दै सांस्कृतिक र्‍याली



**काठमाडौं/मस–**पशुपति क्षेत्र विकास कोषले स्थानीयवासी एवं तीनै तहका जनप्रतिनिधिसँग परामर्श नगरी दीर्घकालसम्म प्रभाव पार्ने गुरुयोजना प्रस्ताव गरेको भन्दै स्थानीयवासीले सांस्कृतिक र्‍यालीसहित विरोध प्रदर्शन गरेको छ।

विरोधस्वरुप शनिबार पशुपतिको ट्याक्सी पार्कबाट-तिलगंगा-देउलाटोल-आँखा अस्पताल-गौशाला-रातोपुल-पनेको टोल-सिफलचौर-ताम्रेश्वर-नवालीटोल-जयवागेश्वरी-मित्रपार्क-कुटुबहाल-लामपोखरी-चन्द्रविनायक मन्दिर-चावहिल चोक-पीपलबोट-गौरीघाट-उमाकुण्ड-पशुपतिनाथको पश्चिम मूल ढोका-डट्टीटोल-जयवागेश्वरी हुँदै भुवनेश्वरी पार्क गरी गुरुयोजनाले प्रभाव पार्न लागेको सबै क्षेत्रमा सांस्कृतिक र्‍याली निकालिएको संयुक्त संघर्ष समितिका संयोजक आशामान सँगतले बताए।

सांस्कृतिक वेषभूषासहित र्‍यालीमा सहभागी भएका स्थानीयवासीले गुरुयोजना तत्काल खारेज गर्न माग गरेका थिए।

सहभागीले एक स्वरमा कोष सञ्चालक परिषद्ले २०७६ माघ १९ गते पारित गरी मन्त्रिपरिषदमा पेश गरेको गुरुयोजनाको विरोध गरेका थिए।

स्थानीयवासीका प्राचीनकालदेखिको बस्ती नाश गर्ने, स्थानीयवासीका चाड पर्व, धर्म संस्कृति पनि नष्ट हुने भएकाले गुरुयोजना खारेज हुनुपर्ने सहभागीको माग थियो

### लकडाउन....

छ। संक्रमितमध्ये हालसम्म ७२.१ अर्थात् १४ हजार ४९२ जना कोरोनामुक्त भई 'डिस्चार्ज' भएका छन्। पछिल्लो २४ घण्टामा ९३ जना डिस्चार्ज भएको मन्त्रालयले जनाएको छ। प्रदेश नं १ को भोजपुर र संखुवासभा तथा गण्डकी प्रदेशको मनाङ र मुस्ताङमा कोरोनाका सक्रिय संक्रमित छैनन्।

हालसम्म प्रदेश नं १ बाट ८५६, प्रदेश नं २ बाट तीन हजार १४९, वाग्मती प्रदेशबाट ५३२, गण्डकी प्रदेशबाट एक हजार २५६, प्रदेश नं ५ बाट तीन हजार ९७१, कर्णाली प्रदेशबाट एक हजार ७१८ र सुदूरपश्चिम प्रदेशबाट तीन हजार १० कोरोनालाई जितेर घर फर्केका छन्। पछिल्लो २४ घण्टामा कोरोनाबाट कसैको पनि मृत्यु भएको छैन। नेपालमा हालसम्म कोरोनाका कारण ५६ जनाले ज्यान गुमाएका छन्। पाँच हजार ३३८ सङ्क्रमितको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। प्रदेश नं २ को रौतहट र सुदूरपश्चिम प्रदेशको कैलालीमा अझै पनि ५०० बढी सक्रिय सङ्क्रमित उपचार गराइरहेका छन्।

सरकारले पिसीआर परीक्षणको संख्या वृद्धि गरेपछि क्वारेन्टिनमा बस्ने व्यक्तिको संख्या पनि घटेको छ। अब क्वारेन्टिनमा ११ हजार ५२३ रहेका छन्। प्रदेश नं १ मा एक हजार २५४, प्रदेश नं २ मा एक हजार ५७३, वाग्मती प्रदेशमा ८५२, गण्डकी प्रदेशमा दुई हजार ९५३, प्रदेश नं ५ मा एक हजार ५३६, कर्णाली प्रदेशमा ४४३ र सुदूरपश्चिम प्रदेशमा दुई हजार ९२२ क्वारेन्टिनमा रहेका छन्।

शनिबारसम्म तीन लाख ८२ हजार ४९० नमूना आरटी-पिसीआर विधिबाट परीक्षण गरिएको मन्त्रालयले जनाएको छ। शुक्रबार अहिलेसम्मकै सर्वाधिक १० हजार नमूना आरटी-पिसीआर विधिबाट परीक्षण गरिएको थियो।

### "नेकपामा....

पनि र गठबन्धन गर्ने बेलामा पनि पद हाम्रो विषय होइन, राष्ट्र र जनताको भविष्य स्थापित गर्ने ऐतिहासिक जिम्मेवारी हो भनेर स्पष्ट पारेको छु।"

अहिलेको बहसले पार्टी फुटाउने प्रवृत्तिलाई परास्त गर्ने दाबी गर्दै उनले पार्टीभित्रको बहसलाई छोपछाप गर्न नहुनेमा जोड दिए। अध्यक्ष प्रचण्डले भने, "अहिलेको बहस तिखो भइरहेको छ। हामीभित्रको तिखो बहस चलिरहेको छ, चिल्ला शब्द छैनन्। इतिहासको अनुभवबाट शिक्षा लिएर पार्टी एकता कायम गर्नुको विकल्प छैन। पार्टी फुटाउने प्रवृत्ति परास्त हुन्छ, गरिनेछ। बहसले माथिल्लोस्तरमा लगेर पार्टीलाई सुदृढ गर्छ।"

### नेपाल...

चाहन्थ्यौं तर हाम्रो पारिवारिक संरचनामा महिलाको नाममा धेरैको सम्पत्ति हुँदैन। हामीलाई धेरै समस्या थियो। महिला व्यवसायीहका दृष्टिले अझैपनि धेरै समस्या रहको छन्। राज्यका अगाडि कुरा पुऱ्याउन पाएको भए महिला व्यवसायीहरुका लागि धरौटी रकम पनि केही घटि हुनसक्थ्यो होला, तर त्यसतर्फ कुनै संस्थाले सोचिदिएनन्। त्यसैले महिला व्यवसायीका लागि संस्था खोल्नुपर्ने अवस्था सिर्जना भयो। अब हामी स्वतन्त्र बस्छौं। कुनैपनि संस्थामा सहभागिता जनाउँदैनौं।'

कुल ८ सय ५४ व्यवसायीहरुमध्ये हाल ३२ जना महिला व्यवसायीहरुको उपस्थिति देखिएको र सबै खोजविन गर्दा साझेदारसमेत जोडेर करिब ७० जना महिला वैदेशिक रोजगार व्यवसायी रहेको उनको भनाइ छ।

### कार्यालय...

टिप्पणी निजामति कर्मचारीको संस्कार र आचरण विपरित रहेको भन्दै आलोचना गर्ने गरेका छन्।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक सन्तोष खड्काले कर्मचारीहरुको कुटपिटबाट सञ्जेलको अनुहारमा चोट लागेको विषयमा छानविन भइरहेको बताएका छन्। कुटपिट गरेको आरोप लागेका कर्मचारी करारका कर्मचारीहरु हुन्। उनीहरुले आफुहरुलाई अतिरिक्त समयमा पनि काममा पेलेको र सामाजिक मर्यादा विपरित गालीगलौज गरेको दावी प्रहरीसमक्ष गरेको बताइएको छ।

### अंकमाल...

गरेर रमाइलो हुने गर्दथ्यो। तर यस वर्ष इद झैँ बकर इद पनि इष्टमित्रविना मनाउनुपरेको अलीले बताउनुभयो। सप्तरीको शम्भुनाथ नगरपालिका-२ का अनवर अलीले भने, "देशभरी लकडाउन खोलिँदा शम्भुनाथ नगरपालिकामा बिहीबारदेखि लकडाउन पुनः कडा पारिएकाले बाहिरका कसैलाई पनि बोलाइएन, परिवारका सीमित व्यक्ति बसेर मनायौं।"

"कोरोना भाइरस सङ्क्रमणको जोखिमका कारण स्थानीय तह र स्थानीय प्रशासनले भेला, जमघट हुन रोक लगाएका कारण पर्व मनाउने शैलीमा फेरबदल गरिएको हो", सरफराज अन्सारीले भने, "भेला, जमघट नभए पनि कुर्बानी (बलिदान) को मासु तीन भागमा बाँडेर खायौं।"

इदुल फित्र अर्थात् रमजान पर्वको ७०औँ दिनमा बकर इद मनाउने धार्मिक विधि रहिआएको छ। यस दिन मुस्लिम धर्मावलम्बी बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्छन्। नमाज पढिसकेपछि एकआपसमा अङ्कमाल गर्दै शुभकामना आदानप्रदान गरिन्छ। तर, कोरोनाको कहरले अंकमाल गर्दै शुभकामना आदानप्रदान गर्ने र हात मिलाउने प्रचलन हटेको राजविराज-४ का शेरु खानले बताए। अंकमाल र हात मिलाउनुको साटो अब अदाब गरेर शुभकामना आदानप्रदान गर्न थालिएको खानले जानकारी दिए।

कोरोना भाइरसको संक्रमण फैलनसक्ने भएकाले मुस्लिम आयोग, स्थानीय तह र स्थानीय प्रशासनले विज्ञप्ति र सूचना जारी गरी घरमै बसेर सुरक्षित रुपमा बकर इद मनाउन आह्वान गरेकाले घरमै मनाइएको कल्याणपुरका ऐयुव राइनले बताए।

हिजरी संवत्अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको इस्लामी संघ नेपालको सप्तरी अध्यक्ष कलिम खानले जानकारी दिए। "इब्राहिमलाई सबैभन्दा नजिकको प्यारो चीज कुर्वान (बलिदान) दिन अल्लाहको आदेश थियो, जसअनुसार उहाँले छोरा इस्माएल अलेह सलामलाई बलिदान दिन तयार हुँदा अल्लाह आफैँ आएर परीक्षामा उत्तीर्ण भइस्, यो भेडालाई बलिदान गर भनी आदेश दिनुभयो, यही घटनाका आधारमा यो पर्व मनाउन शुरु भएको हो।" मौलवी हारुन अन्सारीले ऐतिहासिक बकर इद पर्वका आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिइ निरन्तरता दिएको बताए।

## विदेशीहरु नेपाललाई सिक्किमीकरण गर्नेतर्फ लागीरहेका छन् : केसी




**काठमाडौं/मस–** राष्ट्रिय जनमोर्चाका अध्यक्ष एवं पूर्व उपप्रधानमन्त्री चित्र बहादुर केसीले देशी विदेशी शक्तिहरु नेपाललाई सिक्किमीकरण गर्नेतर्फ लागीरहेको आरोप लगाएका छन्।

शनिबार काठमाडौंमा संवाद क्लव नेपालले आयोजना गरेको अन्तरसंवादमा बोल्दै नेता केसीले संघीयता नेपालमा सफल नहुने बताए।

उनले भने, 'विदेशीले नेपालका राजनीतिक दल र तिनका नेताहरुलाई खेलाईरहेका छन्। नेपालमा जति बेला संघीयता सफल हुन्छ। जुन बेला सार्वभौमसत्ता समाप्त हुन्छ। विदेशीहरु नेपाललाई सिक्किमीकरण गर्नेतर्फ लागीरहेका छन्।'

नेता केसीले ठूला दलहरुले राजनीतिलाई ब्यापार बनाएको पनि आरोप लगाए।

उनले भने, 'राजनीति भनेको समाज सेवा हो। तर ठूला दलका नेताहरुले राजनीतिलाई ब्यापार बनाए, जसको कारण देश उभो लाग्न सकेन, नेता मात्र उभो लागे। हिजो थोत्रा चप्पल लगाउनेहरुले ठूला-ठूला महल बनाए। मैले देखिरहेको छु। राजनीतिको नाममा लुटपात भइरहेको छ। राजनीति भनेको देश र जनताका लागी गर्ने हो। राजनीति ब्यापार होईन भूमाफिया तस्करहरुको घेरामा छन ठूला दलका नेताहरु। भाग बण्डाको राजनीति भएको छ।'

यो देश र ब्यवस्था असफल हुन थालेको गणतन्त्र र धर्मनिरपेक्षताका कारणले नभएको नेता केसीले स्पष्ट पारे।

उनले भने, 'यो देश असफल हुन थालेको गणतन्त्र र धर्मनिरपेक्षताका कारणले होइन्। नेपालका राजनीतिक दलका नेताहरुका कारणले हो।'

सत्तारुढ दल नेकपाभित्र पछिल्लो पटक देखिएको विवादका विषयमा नेता केसीले यो पार्टी भावनात्मक रुपमा एकता नभएको दावी गरे।

उनले भने, 'प्रचण्ड पार्टी फुटाल्दै फुटाल्दै यहाँ सम्म आएका हुन। मूल कुरा के हो भने पार्टी, पार्टी जस्तो भएर चलेकै छैन। यो पार्टी भावनात्मक रुपमा एकता नै भएको छैन। दुई जना अध्यक्षको मिलोमतोमा मिलेको पार्टी लामो समय टिक्ने छैन। पार्टी एकताको प्रक्रिया नै मिलेको छैन। यो पार्टी जोडिएकै छैन।'

राजनीतिक विश्लेषक बिष्णु प्रसाद शर्माले दलीय ब्यवस्था नै असफल हुन थालेको भन्दै राजनीतिक दलका नेताहरुले देश र जनताको पक्षमा काम गर्न नसकेको बताए।

वर्तमान सरकारले कोरोना व्यवस्थापन गर्न नसकेको आरोप लगाए। देशमा भ्रष्टाचार बढेको प्रति विश्लेषक शर्माले चिन्ता ब्यक्त गरे।

विश्लेषक शर्माले पनि संघीयता नेपालका लागी आवश्यकता नभएको र देशले संघीयता धान्न नसक्ने बताए।

## सिरहामा समुदायमा देखियो कोरोना

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १७ साउन


सिरहामा समुदायमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिएको छ।

जिल्लामा पाँच नयाँ संक्रमितमध्ये २ जना समुदायमा रहेका व्यक्तिमा कोरोना भाइरसको संक्रमण देखिएको छ।

सिरहा नगरपालिकाका २, लहान नगरपालिकाका १, कल्याणपुर नगरपालिकाका २ गरी पाँच जनामा कोरोना पुष्टि भएको स्वास्थ्य प्रमुख कृष्णदेव यादवले बताए। सिरहामा संक्रमित देखिएका जनता समाजवादी पार्टीका जिल्ला स्तरका नेता रहेका छन्।

नयाँ संक्रमितमध्ये सिरहा नगरपालिका १६ माडरका एक व्यक्ति र लहान नगरपालिका ८ का १ गरी दुई जनामा कोरोना पुष्टि भएसँगै समुदाय स्तरमा फैलिएको स्वास्थ्य प्रमुख यादवले बताए। संक्रमितहरुलाई आईसोलेनमा राखेर कन्ट्याक्ट ट्रेसिङ गरिने यादवको भनाइ छ।

आवश्यकता अनुसार लकडाउन गर्ने, समुदायमा कति फैलिएको त्यसका निम्ति पिसिआर जाँच बढाउन गरी आइतबार आकस्मिक बैठक बस्न लागेको




सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदिप कर्णेलले जानकारी दिए। सिमा क्षेत्रको आगमनलाई थप कडाई गर्ने, क्वारेनटाईन र आईसोलेसन व्यवस्थापनमा ध्यान दिनुपर्ने प्रजिअ कर्णेलको भनाइ छ।

#### रोकिएन चहलपहल

समुदायमा कोरोनाको संक्रमण देखिएपनि जिल्ला प्रशासन कार्यालय सिरहाले जारी गरेको निर्देशनको वेवास्ता गर्दै भीडभाड र हाटबजारमा ठूलो चहलपहल देखिएको छ।

साप्ताहिक हाटबजार अर्न्तगत शनिबार सिरहा सदरमुकाममा लाग्ने हाटमा खचाखच भीड देखिएको हो।

समाजिक दुरी कायम र मास्कको प्रयोग अनिवार्य गरेपनि हाटबजारमा पुगेका अधिकांशले सामान्य सुरक्षाको पालना समेत गरेका थिएनन्।

जिल्ला प्रशासन कार्यालय सिरहा साउन १४ मा भिडभाड नगर्न ३ बुँदे आग्रह गरेको थियो। तर प्रशासनको आग्रह समुदायमा पालना भएको छैन्।

साउन महिनामा उत्तरायणी लगायतका नदी किनार, मन्दिर तथा सार्वजनिक स्थलमा शिव आराधना, बोलबमका नाममा भिडभाड, नाचगान नगर्न नगराउन, अन्य मठ मन्दिर, मस्जिद, चर्च, गुम्वामा भिडभाड हुन नदिन र जनै पुर्णिमासँगै साप्ताहिक हाटबजार नलगाउन सूचना जारी गरिएको थियो।

सूचनाको वेवास्ता गर्दै सिरहामा साप्ताहिक बजार लागेको छ। प्रशासनको निर्णय कागजमा सिमित रहँदा कोरोना भाइरसको समुदाय स्तरमा झन् तीव्र रुपमा फैलिन खतरा बढेको छ।

## पप्पु कन्स्ट्रक्सनसहित ४ ठेकेदार कम्पनी कालोसूचीमा

**काठमाडौं/मस–**पप्पु कन्स्ट्रक्सनसहित ४ वटा ठेकेदार कम्पनी कालोसूचीमा परेका छन्।

स-सार्वजनिक खरिद अनुगमन कार्यालयले पप्पु-नेपाल प्रगति जेभी नयाँ बानेश्वरलाई २ वर्षका लागि, चमैता निर्माण सेवा इलामलाई १ वर्षका लागि र माँ सन्तोषी कन्स्ट्रक्सन सप्लायर्स नैकापलाई १ वर्षका लागि कालोसूचीमा राखेको हो। कालोसूचीमा राखिएको अवधिभर यी ठेकेदार कम्पनीले सार्वजनिक निकायको कुनैपनि खरिद कारबाहीमा भाग लिन पाउने छैनन्। पप्पु-नेपाल प्रगति जेभिले पुष्पलाल (मध्यपहाडी) राजमार्गमा काम गर्न नसकेपछि राजमार्ग योजना कार्यालय काभ्रेपलाञ्चोकले उक्त कम्पनीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखिपठाएको थियो।

त्यस्तै चमैता निर्माण सेवालाई इलाम नगरपालिका र माँ सन्तोषी कन्स्ट्रक्सनलाई त्रिभुवन विश्वविद्यालयले कालोसूचीमा राख्न सिफारिस गरेका थिए।

# कोरोना संक्रमणको जोखिम बढ्यो



**काठमाडौं/मस**–चिकित्सक तथा जनस्वास्थ्य विज्ञहरूले कोरोना संक्रमणको जोखिम बढेकोले आमनागरिकले आफ्नो व्यवहारमा परिवर्तन ल्याउनुपर्ने र आवश्यक सतर्कता अपनाउनुपर्नेमा जोड दिएका छन् । शनिबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको विशेष साक्षात्कारमा बोल्दै चिकित्सकहरुले कोरोना संक्रमणको जोखिम बढेकोले सरकारले अहिले पीसीआर परीक्षणको दायरा बढाउनुपर्ने पनि माग गरेका छन् ।

नागरिक समाजका अगुवासमेत रहेका चिकित्सक डा. सुन्दरमणि दिक्षितले आफूहरुले यसअघि सरकारलाई सावधानी अपनाउन र कोरोना रोकथाम तथा नियन्त्रणको लागि आवश्यक कदम चाल्न सुझाव दिएको भएपनि सरकारले भारतसँगको सिमा नाका बन्द नगरेको गुनासो पोखे ।

उनले काठमाडौं उपत्यकापनि अहिले कोरोना संक्रमणको भयंकर जोखिममा परेको खतरा औंल्याए । उनले भने,'काठमाडौं खाल्डो कोरोना संक्रमणको जोखिममा परिसकेको छ। अब हामीले परिणाम देख्दै जान्छौं ।' उपप्रधान तथा रक्षामन्त्री इश्वर पोखरेल, गृहमन्त्री रामबहादुर थापा 'बादल' र स्वास्थ्यमन्त्री भानुभक्त ढकालले आवश्यक कदम चाल्न नसकेको भन्दै उनले गुनासो पोखे ।

उनले कोरोना संक्रमण रोगमा परीणत हुँदै गएपछि मात्रै कदम चाल्दा ढिलाई हुने भन्दै नेपालमा कोरोनाको जोखिम निम्त्याउने कामपनि सरकारले नै गरेको गम्भीर आरोप लगाए ।

पछिल्लो समय विभिन्न ठाउँबाट काठमाडौं उपत्यका भित्रिनेको संख्या बढेको र उनीहरुले आवश्यक सतर्कता र नियम नअपनाएको पनि उनको गुनासो छ । उनले भने,' काठमाडौं उपत्यका भित्रिने नाकाहरु व्यवस्थित गर्नुपर्छ । काठमाडौं खतरामा छ ।' डा. दिक्षितले कोरोना परीक्षण गर्दापनि रिपोर्ट दिन ढिलाई गरिरहेकोमा पनि गुनासो पोखे। सरकारले कोरोनाबारे दिने गरेको तथ्यांकलाई उनले बेकारको तथ्यांकको संज्ञा दिए ।

उनले कोरोना संक्रमणको जोखिम दिनप्रतिदिन बढ्दै गएकोले आम नागरिकले आँफैं सावधानी अपनाउनुपर्नेमा जोड दिए । नियमित मास्क लगाउने, हात धुने अथवा स्यानिटाईजेशन गर्ने, भौतिक दूरी कायम गर्ने (कम्तिमा साँढे चार फुट), ज्वरो अथवा रुघाखोकी लागेमा तुरुन्त चिकित्सकको सम्पर्कमा जानुपर्ने पनि उनले सुझाव दिए ।

डा. दिक्षितले कोरोनाको भाइरस सुरुमा नाकमा बस्ने भएकोले नियमित सफाई गर्ने र खासगरी नेपालको पूरानो प्राकृतिक चिकित्सा पद्धतीअनुसार जल नेति गर्नपनि सुझाव दिए ।

इपीडीमीयोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वमहानिर्देशक डा. बाबुराम मरासिनीले नेपालमा कोरोना संक्रमणको बाढी भारतबाट आएको टिप्पणी गरे । पछिल्लो समय नेपालमा कोरोना संक्रमणको जोखिम बढेको र अवस्था अत्यन्तै चिन्ताजनक रहेको उनले खतरा औंल्याए । प्रदेश नम्बर २ मा संक्रमण 'मेगा आउटब्रेक' अर्थात लेभल ४ मा पुगेको पनि उनले टिप्पणी गरे ।

सरकारले कोरोना समूदायमा फैलिएको छैन भनेर आम जनसमूदायमा 'रिस्क' महशुस गराउन नसकेको पनि उनको गुनासो छ ।

उनले कोरोनाबाट बच्ने उपायमा मुख्य कुरा भनेको मानवीय व्यवहार नै रहेको सुनाए । उनले भने,'मानवीय व्यवहार नै मुख्य कुरा हो । अर्को भनेको सर्भेलियन्स नै हो। निगरानी बढाउने। परीक्षणको दायरा बढाउनुपर्छ ।' सरकारले लकडाउन खुकुलो बनाएपछि परीक्षणको दायरा बढाउनुपर्नेथियो भन्ने उनको भनाई छ ।

उनले दैनिक १२ हजारदेखि १५ हजारसम्म पीसीआर परीक्षण गरिनुपर्ने बताए । उनले नेपालम अस्पतालमा बेडको कमि रहेको पनि सुनाए ।

शुक्रराज ट्रपिकल तथा सुरुवा रोग अस्पताल टेकुका प्रवक्ता डा. अनुप बास्तोलाले कोरोना संक्रमणको जोखिमबाट बच्नको लागि आम नागरिक व्यवस्थित हुनुको विकल्प नभएको बताएका छन् । उनले अहिले लकडाउन खुलेपछि बाहिर निस्किएकाहरुले सावधानी अपनाउनुपर्ने बताए ।

सरुवा रोग विशेषज्ञसमेत रहेका प्रवक्ता डा. बास्तोलाले काठमाडौं उपत्यकामा संक्रिमतहरुको संख्या बढ्न थालेपछि आम मानिस त्रसित बनेको उल्लेख गर्दै सबैले सावधानी अपनाउनुपर्ने बताए ।

# अपाङ्ग बालबालिकालाई खिर

**देवकी न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ साउन



साउन १५ खिर खाने पर्वको अवसर पारेर लाइन्स क्लब अफ काठमाडौं इन्द्रावतीले खिर खाने कार्यक्रम सम्पन्न गरेको छ । गोकर्णेश्वर नगरपालिका वडा नं. ८ माकलबारीमा रहेको स्पाइनल कर्ड इन्जोरी नेटवर्क, नेपालमा रहेका मेरुदण्डीय समस्या भएका १७ बालबालिकाहरुलाई लक्षित गर्दै क्लबले खिर खाने कार्यक्रम आयोजना गरेको थियो ।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथि वडा नं. ८ का वडाध्यक्ष मनोज ढुङ्गानाले स्पाइनल कर्डको समस्याबाट पीडितहरूलाई राहत दिने प्रयाश गरेकोमा लाइन्स क्लब अफ काठमाडौ इन्द्रावतीलाई धन्यवाद दिँदै आफूले पनि यस संस्थाको लागि गर्न सक्ने सहयोग गरिरहेको र यस्ता कार्यक्रमहरूले ती बालबालिकाहरुको आत्मविश्वास बढ्ने र एउटा असल र सक्षम नागरिक हुन मद्दत गर्ने बताए ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै क्लबका प्रथम उपाध्यक्ष लायन मदनकृष्ण सिलवालले नयाँ र सृजनात्मक कार्यहरुमा सबै सदस्यहरुको उत्साह र तत्परता प्रशंसनीय रहेको र शारीरिक रुपमा अशक्तमाझ कार्यक्रम गर्न पाउँदा आनन्द महसुस हुने उल्लेख गरे । कार्यक्रममा मन्तव्य क्लबका हङ्गर डिपार्टमेन्ट हेड लायन्स जनार्दन फुयाँलले लायन्सको जन्म मानिसको सेवाको लागि भएकोले हरदम मानवीय सेवामा खटिरहेको बताए ।

यस्तै संस्थाका चार्टर प्रेसिडेण्ट लायन प्रल्हाद बस्नेतले लायन्स क्लब अफ काठमाडौं इन्द्रावतीले अवसरविहीन पहिचान गरी त्यस्ता ठाउँमा विगत वर्षदेखि कार्यक्रम सञ्चालन गर्दै आइरहेको जनाउँदै यस वर्ष मेरुदण्डीय समस्या भएका बालबालिकामाझ कार्यक्रम आयोजना गरेको र आगामी दिनमा विभिन्न कार्यक्रमहरु गर्ने लक्ष्य रहेको जानकारी दिए ।

यसैगरी स्पाइनल कर्ड ईज्युरीज नेटवर्क नेपालका अध्यक्ष ऋषिराम ढकालले मेरुदण्डीय समस्या जसको जीवनमा पनि पर्न सक्ने र यसबाट पीडितहरूलाई आम मानिस जसरी समाजमा घुलमिल हुन र बाँच्न गाह्रो हुने भएकोले थोरै भएपनि यस्ता पीडित बालबालिकाहरूको एउटा स्तरको शिक्षा र उनीहरूलाई जीवनमा हौसला प्रदान गर्ने काम संस्थाले गरिरहेको बताए ।

डिस्टिक पढाऊ अभियानकी चिफ लायन्स पार्वती खरेलले फरक क्षमता भएका मानिसहरूको सेवामा दिनरात खटिरहेको र जहाँ मानवलाई सहयोगको आवश्यकता हुन्छ त्यहाँ लायन्सले सहयोग पुराइरहेको भन्दै यस्ता कार्यक्रम आयोजना गर्नु अपरिहार्य रहेको बताइन् ।

कार्यक्रममा डिस्टिक एडभाइजर विमला श्रेष्ठ, डिस्टिक चेयरपर्सन दुर्गा थापा, प्रो. सुधा जोशी, कष्टर चीफ विष्णु कँडेल, रिगोन चेयरपर्सन सुष्मा कोइराला, जोन चेयरपर्सन मीनाकुमारी लामा, शान्ति समृद्धि र दिगो विकासका लागि मानवीय कार्यका अध्यक्ष कुशल अर्याल , संस्थाकी कोषाध्यक्ष शोभा केसी, सदस्य हरिभक्त हेकालगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमको सभापतिको आशनबाट बोल्दै लायन्स क्लब अफ काठमाडौं इन्द्रावतीका प्रेसिडेन्ट मानबहादुर लामिछानेले साउन १५, खिर र यसको आफ्नै महत्व रहेको भन्दै लाइन्स क्लब अफ इन्द्रावतीको यस्तै प्रकारका बर्षभरिका अन्य थुप्रै योजनाहरू रहेको र स्रोत र साधनले भ्याएसम्म काम गर्न तयार रहेको बताए । कार्यक्रमको संचालन क्लबका सेक्रेटर विशालसाद पौडेलले गरेका थिए ।

# सामूहिक बलात्कारको आरोपमा पक्राउ



**रौतहट/मस**– रौतहटमा सामूहिक बलात्कारको आरोपमा तीन जना पक्राउ गरेका छन् । रौतहटको फतुवा विजयपुरस्थित २१ वर्षीया युवतीलाई ट्रकमै सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले ट्रक चालकसहित दुई जना सहचालकलाई पक्राउ गरेको हो ।

चितवनको गैंडाटारबाट भुस लिन गएको ना २ ख ६७४६ नंको ट्रकमा फतुवा विजयपुर- १ स्थित बलात्कार भएको प्राप्त सूचनाका आधारमा प्रहरी निरीक्षक चन्द्रकिशोर साह नेतृत्वको टोलीले पीडित युवतीलाई उद्धार गरी आरोपित तीनै जनालाई पक्राउ गरेको रौतहटका प्रहरी उपरीक्षक रविराज खड्काले बताए । पक्राउ पर्नेमा तनहुँ जिल्ला ब्यास नगरपालिका-१ का ट्रक चालक २९ वर्षीय विष्णुप्रसाद रानाभाट, सोही ठाउँका सहचालक १८ वर्षीय विनोद रानाभाट र १९ वर्षीय केशर मगर रहेका छन् ।

बाराको पथलैयास्थित बाटोमा गत बिहीबार साँझ अलपत्र रहेकी २१ वर्षीया युवतीलाई घर पुऱ्याइदिन्छु भनी उनीहरुले ट्रकमा ल्याएका थिए । बरगिनिया चोकस्थित एकान्तमा पुगेर सोही राति युवतीलाई डराइ धम्क्याइ ट्रकभित्रै तीनै जनाले पालोपालो बलात्कार गरेपछि पीडितले रोइकराइ गर्दा स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए ।

पीडित युवतीको शुक्रबार साँझ स्वास्थ्य जाँच भइसकेको छ । आरोपी तीनै जनामाथि जबर्जस्ती करणीसम्बन्धी मुद्दा दर्ता भई शुक्रबार जिल्ला अदालत गौरबाट १५ दिनको म्यादसमेत थमाइएको प्रहरीले जनाएको छ । बरामद ट्रक इलाका प्रहरी कार्यालय विजयपुरको नियन्त्रणमा रहेको प्रहरी निरीक्षक चन्द्रकिशोर साहले बताए ।

# 'त्रिचन्द्र क्याम्पस सार्ने समाचार भ्रमपूर्ण'




**काठमाडौं/मस**– रानीपोखरी वरिपरिका संरचना हटाउने र त्रिचन्द्र क्याम्पसलाई जमलको राष्ट्रिय नाचघर अगाडि सार्ने विषयमा कुनै सत्यता नभएको बताइएको छ । क्याम्पसले एक विज्ञप्ति जारी गर्दै त्रिचन्द्र क्याम्पस स्थानान्तरण गर्न लागिएको भन्ने समाचारमा सत्यता नभएको स्पष्ट पारेको हो ।

क्याम्पसका प्रमुख प्रा.डा सुनिल अधिकारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'त्रिचन्द्र क्याम्पसको स्थानान्तरणसम्बन्धी हालै बाहिरिएका समाचार गलत एवं भ्रामक भएको र यससम्बन्धी कुनै पनि सम्झौता सम्बन्धित निकायसँग त्रिचन्द्र क्याम्पसको तर्फबाट नगरिएको जानकारी गराउँदै सो समाचारप्रति क्याम्पस परिवार पूर्णरुपमा असहमति व्यक्त गर्दछ ।'

रानीपोखरी वरिपरिका संरचना हटाउने र त्रिचन्द्र क्याम्पसलाई जमलको राष्ट्रिय नाचघर अगाडि (पहिले त्रिविको परीक्षा नियन्त्रण कार्यालय रहेको स्थानमा) सार्ने समाचार सार्वजनिक भएको थियो । ती समाचार गलत र भ्रामक भएको त्रिचन्द्र क्याम्पसको भनाइ छ। एक सय वर्षभन्दा बढी पुराना ऐतिहासिक पुरातात्विक एवं शैक्षिक भवन तथा अन्य भवनका प्रयोगशाला र कक्षाकोठा २०७२ सालको भूकम्पले क्षति भएकाले पुनःनिर्माणका लागि अपील मात्र गरेको विज्ञप्तिमा उल्लेख छ ।

# रुकुमपश्चिम बन्यो कोरोना संक्रमणमुक्त




**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, १७ साउन

रुकुम पश्चिम तत्काललाई कोरोना मुक्त भएको छ। हालसम्म रुकुम पश्चिममा २७ जनालाई कोरोना भाइरस संक्रमण पुष्टि भएको जिल्ला अस्पताल सल्लेले जनाएको छ । आइसोलेसनमा रहेका २७ जना कोरोना संक्रमित घर फर्किएपछि तत्काललाई रुकुम पश्चिम कोरोना मुक्त भएको हो।

बिहीबार चौरजहारी नगरपालिकाबाट ६ जना संक्रमित र जिल्ला अस्पताल सल्लेस्थित कोरोना विशेष अस्पतालमा आइसोलेसनमा रहेका २ जना संक्रमित शुक्रबार डिस्चार्ज भएपछि रुकुम पश्चिम कोरोना मुक्त जिल्ला भएको छ ।

जिल्ला स्वास्थ्य सेवा कार्यालयका कोरोना रोग नियन्त्रण फोकल पर्सन इश्वर रावलले मध्यान्हलाई दिएको जानकारी अनुसार जिल्लामा रहेका ६ वटा स्थानीय तह अन्तर्गत पाँच वटा स्थानीय तहमा कोरोना संक्रमण देखिएकोमध्ये मुसीकोट नगरपालिकाका १, चौरजहारी नगरपालिकाका २०, सानीभेरी गाउँपालिकाका २, त्रिवेणी गाउँपालिकाका १ र बाँफिकोट गाउँपालिकाका ३ जनालाई कोरोना पोजेटिभ देखिएको थियो । आठबिसकोट नगरपालिकामा भने हालसम्म एकजनामा पनि कोरोना पोजेटिभ देखिएको छैन ।

शुन्य संक्रमणको अवस्था भएपनि पुनः संक्रमण देखिन सक्ने जोखिम कायम नै रहेकाले थप सचेतना अपनाउँदै सामाजिक दुरी कायम राख्नुपर्ने जिल्ला अस्पतालले जनाएको छ । चौरजहारी नगरपालिकाले जिल्लामै कोरोना परीक्षणका लागि पीसीआर मेसिन सञ्चालनमा ल्याए देखि दैनिक ९० जनाको परीक्षण हुने गरी हालसम्म रुकुम पश्चिममा १५ सय जनाको कोरोना परीक्षण भैसकेको छ ।

# जुरे पहिरोका पीडित भन्छन्, 'अझै राहत पाइएन'

**सिन्धुपाल्चोक/रासस**– हेरक खाले विपत्ति सिन्धुपाल्चोकसँग जोडिएका छन् । विसं २०७१ को जुरे पहिरो, २०७२ सालको भूकम्प अनि २०७७ को भोटेकोशी पहिरो । सिन्धुपाल्चोकमा यस्ता घटना भइरहेका छन् तर पीडितले अहिलेसम्म न्याय पाउन सकेका छैनन् । आजभन्दा ठीक छ वर्षअघि साउन १७ गते जुरेमाथिबाट पहाड खस्दा जुरेको सिंगो बस्ती पुरियो भने १४५ जनाको ज्यान गयो, सयौं मानिस विस्थापित भए । जुरे पहिरोपीडितले अहिलेसम्म पनि राहत पाएका छैनन् । विपत्ति भोगेकै छ वर्ष पूरा भइसक्यो । विसं २०७१ साउन १७ गते बिहान ३ बजे बलेफी गाउँपालिका, बाह्रबिसे नगरपालिका र त्रिपुरासुन्दरी गाउँपालिकाको सिमानामा ठूलो पहिरो गएको थियो । तीन स्थानीय तहमा ठूलो मानवीय र भैतिक क्षति भयो । अरनिको राजमार्ग पूर्णरूपमा लामो समय बन्द रह्यो । भोटेकोशी र सुनकोशी नदीको सङ्गमस्थलबाट लगभग चार किलोमिटर दूरीमा पर्ने जुरेमा पहिरोले १८ घण्टा नदी थुनिँदा जुरे आसपासमा आक्रान्त भएको थियो । सबैको मनमा त्रास थियो । सुनकोशी नदीतटीय क्षेत्रका लामोसाँघु, खाडीचौर, बलेफी, सुकुटेबाट काभ्रेपलाञ्चोक र सिन्धुलीसम्मका नागरिक लामो समय त्रासमा रहे । बाह्रबिसे बजारसम्म थुनिएको नदीले डुबाउने सम्भावना बढेपछि बजार र बस्ती पूरै खाली गरिएको थियो ।

सानीमा हाइड्रोपावर र सुनकोशी हाइड्रोपावरको ड्यामसहित विद्युत्गृहसम्म क्षति पुग्यो । पहिरोमा घर गुमाएकाहरुले नेपाल ओरियन्ट म्याग्नेसाइडमा विस्थापित जीवन शुरु गरे । छ वर्ष बित्यो तर पीडितले अझै राहत पाएनन् । सरकारी कोषमा पहिरो पीडितका लागि तत्काल सरकारी तथा गैरसरकारी निकायबाट दुई करोड २४ लाख रुपैयाँ सहयोग जम्मा भएको थियो । पहिरो पीडितको नाममा दाताले सहयोग गरेको रकम पीडितको हातसम्म पुग्न सकेन । सरकारी खातामा जम्मा भएको रकम अझै रोकिएको छ । जिल्ला दैवी प्रकोप व्यवस्थापन समितिको खातामा जम्मा भएको सहयोग रकम वितरण गर्न तत्कालीन समितिले सकेन ।

पीडितको राहत रकम वितरणका लागि गृह मन्त्रालयदेखि जिल्लाका समितिले समेत अध्ययन समिति गठन गऱ्यो । तत्कालीन जिल्ला दैवी प्रकोप व्यवस्थापन समितिका प्रतिनिधिसमेत रहेका गैरसरकारी संस्थाका अध्यक्ष सोम सापकोटा, पत्रकार महासंघका अध्यक्ष युवराज पुरी र नापी कार्यालय प्रमुख शरद मैनालीको अध्ययन समितिले तत्काल राहत वितरण गर्न प्रतिवेदन पेश भएको समितिका सदस्य सोम सापकोटाले बताए । त्यसपछि गृह मन्त्रालयको सहसचिवस्तरीय टोलीले समेत स्थलगत अध्ययन गरेको बलेफी- ८ का वडाध्यक्ष चरीबहादुर तामाङले बताए ।

सो टोलीको प्रतिवेदन अहिलेसम्म पनि सार्वजनिक भएको छैन । सिङ्गो देश नै आँसुमा डुब्ने गरी भएको जुरे पीडा व्यहोरेको सिन्धुपाल्चोकले त्यसको एक वर्षलगत्तै भूकम्पको पीडा व्यहोऱ्यो। पहिरो र भूकम्पपीडितलाई राहत सहयोग तथा पुनःस्थापनामा राजनीतिक समस्या रहेको आँकलन पनि भयो। स्थानीय सरकार निर्माण र सञ्चालनपछि पनि पीडितले राहत पाउने सुनिश्चितता हुन सकेन ।

जुरे पहिरो पीडितको व्यवस्थापन र राहत वितरण चुनावी एजेण्डा त सबैको बन्यो । निर्वाचित प्रतिनिधिले राहत उपलब्ध गराउन प्रयत्न पनि गरे तर सार्थक हुन सकेन । 'हामीले पीडितको नाममा रहेको राहत वितरण गर्न जिल्ला प्रशासनलाई आग्रह गऱ्यौं, दबाब दियौं, ज्ञापनपत्र बुझायौं, तर पनि पीडितको सहयोग वितरण भएको छैन', बलेफी गाउँपालिका अध्यक्ष केदार क्षेत्रीको भनाइ छ ।

# पहिरोमा परी एकै परिवारका चार जनाको मृत्यु



**गुल्मी/मस**– गुल्मीमा चट्टानसहित आएको पहिरोले नावालकसहित एकै परिवारका चार जनाको ज्यान गएको छ ।

जिल्लाको रुरुक्षेत्र गाउँपालिका ५ अर्न्तगत टाहाटिम नजिकै आँटीपाटामा शुक्रबार राति चट्टानसहित आएको पहिरोले स्थानीय राजु माझीको घर पुरेको हो ।

मृत्यु हुनेमा राजु बोटेमाझीकी श्रीमती ३० वर्षीया बिना बोटेमाझी, उनका दशबर्षका छोरा हेमन्त बोटेमाझी, ७ वर्षकाका सागर बोटेमाझी र दश महिनाकी छोरी बिनिता बोटे माझी रहेका छन् । उनीहरु चारै जनाको घटना स्थलमै मृत्यु भएको थियो ।

# प्रमुख कार्यकारी अधिकृत १४ लाख घुससहित पक्राउ



**काठमाडौं/मस**– तुल्सीपुर उपमहानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत कृष्णकान्त उपाध्याय १४ लाख रुपैयाँ घुससहित पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले शुक्रबार राति काठमाडौंको नागढुंगाबाट अधिकृत उपाध्यायलाई पक्राउ गरेको हो। अख्तियारको टोलीले उपाध्यायको साथबाट १४ लाखमध्ये १ लाख १४ हजार पैसा र बाँकी बैंकमा डिपोजिट स्लिप बरामद गरेको छ ।

उपाध्यायले घुस लिएको १४ लाखमा १ लाख १४ हजार आफ्नो साथमा राखी बाँकी सबै पैसा बैंकमा डिपोजिट गरिसकेको अख्तियारले जनाएको छ ।

उनीमाथि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

यसैबीच अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय दैलेखमा कार्यरत दुई सबइन्जिनीयरविरुद्ध भ्रष्टाचारको आरोपमा मुद्दा दायर गरेको छ ।

दैलेखको भगवतीमाई गाउँपालिका-३ सान्तडा खोला तटबन्ध निर्माण योजनाको उपभोक्ता समितिबाट घुस मागेको पुष्टि हुन आएकाले अख्तियारले सबइन्जिनीयरद्वय वीरेन्द्र चन्द र रञ्जितकुमार श्रेष्ठविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

अनुसन्धानको सिलसिलामा उपभोक्ता समितिसँग ३० हजार रुपैयाँ घुस नदिए भुक्तानी रोकिदिने भनी चेक लुकाई भुक्तानी रोकेको पुष्टि हुन आएकाले सबइन्जिनीयरद्वय चन्द र श्रेष्ठविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) को कसुरको उद्योग गरेकाले सोही रकम बराबरको बिगो कायमका साथै दफा २१ मा उल्लिखित भएबमोजिम दफा ३ को (१) बमोजिम सजाय माग दाबी गरी मुद्दा दर्ता गरेको अख्तियारले जनाएको छ ।

घुस रकम माग गरी भुक्तानी रोकेको सूचनाका आधारमा अख्तियारको कार्यालय सुर्खेतबाट खटिएको टोलीले असार १६ गते सब-इन्जिनीयरद्वयलाई पक्राउ गरेको थियो ।

## सम्पादकीय

# शक्ति संघर्षमा लोकतन्त्रको चिन्ता

मूल पार्टी नेपाली काँग्रेस आफैले पार्टी विधान अनुसार चार वर्ष महाधिवेशन गर्न सकेको छैन । २०७२ फागुनमा सम्पन्न त्रेह्रौ महाधिवेशनबाट निर्वाचित नेतृत्वले गएको फागुनमै निर्धारित कार्यकाल पूरा गरिसकेको छ । तर, संविधानले दिएको छुटको प्रयोग गर्दै शेरबहादुर देउवा नेतृत्वको काँग्रेसले एक वर्ष समय थप गरेको छ । परिवर्तित कार्यतालिकाअनुसार, आगामी फागुनमा १४औं महाधिबेशन हुँदैछ । घोषित समयभित्र महाधिवेशन सम्पन्न गर्न कात्तिकबाट अधिवेशनहरू शुरू हुनेछ ।

गाउँ/वडा, स्थानीय तह, प्रदेश निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला अधिवेशन हुँदै मंसिरभित्र प्रदेश अधिवेशन सक्ने कार्यतालिका काँग्रेसले सार्वजनिक गरेको छ । तर, महाधिवेशनको मिति घोषणा भइसकेको अवस्थामा सभापति देउवाले विधान बिपरीत गतिविधि गरेको भनी असन्तुष्ट पक्षले आपत्ति जनाएको छ । केन्द्रीय मूख्यालय सानेपामा बिहीबार असन्तुष्ट समूहका बरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री शशांक कोइराला लगायतले सभापति देउवालाई भेटेर लिखित असन्तुष्टि जनाएका छन् । असन्तुष्ट पक्षले महाधिवेशन प्रभावित गर्नेगरी सभापतिले विभाग गठन र बिस्तार गरेको आरोप लगाएको छ ।

महाधिवेशन सकिएको ६ महिनाभित्र गठन गरिसक्नुपर्ने विभाग एक वर्ष ढिलोगरी महाधिवेशन घोषणा भइसक्दा बिस्तार गर्नुलाई असन्तुष्ट पक्षले महाधिवेशन प्रभावित गर्ने कदमका रूपमा लिएको छ । यस्तो बेला फेरि सभापति देउवाले भातृ संस्थाहरूको म्याद ६ महिनाका लागि थप गरेका छन् । फागुनमा महाधिवेशन गर्नेगरी गतिविधि अगाडि बढेका बेला संस्थाहरूको म्याद थप गर्नुले अहिलेकै नेतृत्वलाई महाधिवेशनसम्म लैजाने मनसाय प्रष्ट हुन्छ ।

सभापति देउवाले केन्द्रीय कार्य समितिको बैठकबाट अनुमोदन गराउनेगरी विभिन्न भातृ संस्थाहरूको म्याद ६ महिनाका लागि थप गरेका हुन् । नेपाल तरूण दल, नेपाल विद्यार्थी संघ, नेपाल प्रजातन्त्र सेनानी संघ, नेपाल किसान संघ, नेपाल दलित संघ, नेपाल आदिवासी जनजाती संघ, राष्ट्रिय लोकतान्त्रिक अपांग संघ, नेपाल तामाङ संघ र नेपाल ठाकुर समाजको म्याद थप गरिएको हो । यी मध्ये धेरैजसोमा सभापति देउवा पक्षको नेतृत्व छ । अर्थात्, फेरि पनि देउवाले असन्तुष्ट पक्षलाई चिढ्याउन खोजेको देखिन्छ ।

यी घटनाक्रमहरूले प्रमुख प्रतिपक्षी काँग्रेसले लोकतान्त्रिक प्रक्रिया र अभ्यासलाई कमजोर पार्ने प्रष्ट हुन्छ । किनभने, महाधिवेशन नहुने र लोकतान्त्रिक प्रक्रिया मिचेर अगाडि बढ्दा यसको असर अन्य दलमा पनि पर्नेछ सत्तारूढ दल नेकपामा समेत यसको बाछिटा पर्न सक्छन् । त्यसैले काँग्रेसमा पहिलो कुरा महाधिवेशन हुने बातावरण निश्चित गरिन आवश्यक छ र बाँकी कामहरूमा लोकतान्त्रिक प्रणालीलाई सम्मान गरिनु आवश्यक हुनेछ ।

## सामाजिक सञ्जाल



एकै दिन दश हजार बढीको कोरोना परिक्षण गरिनु तारिफयोग्य । दैनिक यो दर बढिरहोस् वा यति नै भए पनि जारी रहोस्, नघटोस् । कोरोना कहरविरूद्ध अझै सघन तयारी र कदमको जरूरी छ, सरकार नचुकोस् ।

– माधवी पौडेल



तेही कोरोना भाइरस सुरू हुँदा चीनको बुहानमा लगाएको लकडाउनले मानव अधिकार हनन गर्‍यो । अहिले नेपालमा लकडाउन खोल्दा सरकारले जनताको ज्यानमाथी खेलबाड गर्‍यो, यस्तो बिजुली मती के खायो भने आउँछ हौ मान्छेको ?

– केदार



आफ्नै नेतृत्वमा जेष्ठ राजनीतिज्ञ सभा घोषणा गरेर शेरबहादुर देउवाले आफू अब सबैभन्दा जेष्ठ कांग्रेसी भएका कारण अवकासमा जाने संदेश दिनु भएको हो कि जस्तो लाग्यो ।

– जुगल भुर्तेल



असफलताका कारण अधुरो रहेको कामका लागि पनि एउटा व्यक्तिले अत्याधिक संघर्ष गरेको हुन्छ । तर केबल हात बाँधेर नतिजा पर्खनेलाई त्यो संघर्षको गहिराइ महसुस हुन सक्दैन ।

– रिचा घिमिरे

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# नेपालको विपद् व्यवस्थापनप्रति रणनीतिक दृष्टिकोण



■ डा. सुरेन्द्र सिंह रावल

“

समयसँगै जब प्राधिकरणले विपद् व्यवस्थापन कार्यमा केन्द्रीय भूमिका निर्वाह गर्न सक्षम हुन्छ तब नेपाली सेनालाई विपद् व्यवस्थापनको कार्यसञ्चालन तहको गुरूत्वकेन्द्र (अपरेसनल सेन्टर अफ ग्राभिटी) को रूपमा कायम राख्नुपर्छ जसमा मुख्यरूपमा आकस्मिक खोज, उद्धार र सहायता वितरणका गतिविधिहरू पर्छन् ।

नेपाल अहिले मनसुनको चपेटामा छ । मनसुन सुरु भए यतामात्र बाढी, पहिरो र चट्याङमा परी देशभर सर्वसाधारणको मृत्यु हुने क्रम जारी छ । प्रकोपका कारण कैयौं विस्थापित भएका छन् । वर्षायाम बाँकी नै रहेकोले यो संख्या अझै बढ्न सक्ने देखिन्छ । मानवीय क्षतिका अतिरिक्त राजमार्ग अवरुद्ध हुने, टोलबस्ती जलमग्न हुने, घरखेत बग्ने, पुरिने आदि अनेकौं घटना भएका छन् जसले आर्थिक र भौतिक क्षतिका साथै कैयौं नेपालीको समय बर्बाद र दैनिक जीवनयापन कष्टकर बनाएको छ । मनसुनबाट उत्पन्न विपत्तिबाहेक कोरोनाभाइरसको महामारी तथा सलहको समस्या पनि हामी नेपालीले यतिबेला नै सामना गर्नुपरेको छ ।

यस्ता सबै विपत्तिलाई 'विपद् जोखिम न्यूनीकरण ऐन, २०७४' ले प्राकृतिक र गैरप्राकृतिक विपद् भनी दुई भागमा वर्गीकरण गरेको छ । जनताको दुःखको रुपमा बर्सेनि आउने विपत्तिसँगै महाविपत्तिको त्रास पनि त्यत्तिकै छ । यसलाई सङ्घीय तहबाट सम्बोधन गर्ने मुख्य जिम्मेवारी गृहमन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको हो । यो प्राधिकरणको परिकल्पना अमेरिकाको 'फिमा' (फेडरल इमर्जेन्सी म्यानेजमेन्ट एजेन्सी) बाट प्रभावित भएर गरिएको जस्तो देखिन्छ जसको मुख्य जिम्मेवारी क्षेत्रभित्र राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ को कार्यान्वयन गर्ने पनि रहेको छ ।

विसं २०७२ सालको विनाशकारी भूकम्पपछि नेपालमा विपद् व्यवस्थापनको लागि थुप्रै नियम कानुन तर्जुमा एवम् नीतिगत व्यवस्था भए । सरसरी हेर्दा विपद् व्यवस्थापनको लागि आवश्यक सम्पूर्ण व्यवस्था गरिएजस्तो देखिए पनि वास्तविकता भने फरक छ । हाल विभिन्न दस्तावेजहरूमा परिकल्पना गरिएजस्तो विपद् व्यवस्थापनको लागि आजैबाट द्रुत गतिमा कार्य प्रारम्भ गर्ने हो भने पनि सो प्रभावकारी हुन अझै आठ दस वर्ष लाग्नसक्ने देखिन्छ । किनभने, विद्यमान विपद् व्यवस्थापनको ढाँचा सार्थकरुपमा रूपान्तरण हुन स्रोत साधन खन्याएरमात्र पुग्दैन । त्यसलाई परिपक्व हुन समयको पनि त्यतिकै खाँचो हुन्छ - त्यसमाथि स्रोतसाधनको अभाव त छँदैछ ।

नेपालमा विपद् व्यवस्थापनको अहिलेको वास्तविकता भनेको परम्परागतरुपमा हुँदै आएको नेपाली सेनालगायतका सुरक्षा निकायको पहल र परिचालनमा गरिने प्रतिकार्यका गतिविधि नै हुन् जहाँ अन्य सरकारी तथा गैरसरकारी निकाय सहयोगी एवं समन्वयकारी भूमिकामा रहने अवस्था छ । यो यथार्थ हो र यसमा तात्त्विकरुपमा परिवर्तन आइसकेको छैन । अहिले पनि विपद् व्यवस्थापनको रणनीतिक गुरुत्वकेन्द्र (स्ट्रेटेजिक सेन्टर अफ ग्राभिटी) सेनामा नै रहेको छ र यो गुरुत्वकेन्द्र प्राधिकरणमा सर्न पर्याप्त समय र अथक प्रयास आवश्यक पर्ने देखिन्छ ।

तर्जुमा गरिने कुनै पनि रणनीतिमा लक्ष्य, विधि र साधन (इन्ड, वेयज एन्ड मिन्स) प्रधान भए झैँ विपद् सामना गर्नको लागि बन्ने रणनीतिमा पनि यी तीनै कुरा महत्त्वपूर्ण हुन्छन । विपद् व्यवस्थापनको मुख्य लक्ष्य धनजनको क्षति कम गर्ने हो । तर, यो लक्ष्य कुनकुन साधन कसरी प्रयोग गरी केकस्तो विधिबाट प्राप्त गर्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । विपद् व्यवस्थापनको लागि नेपालमा छुट्टै र भरपर्दो विशिष्टीकृत निकायहरु खडा भई नसकेकाले माथि चर्चा गरिएजस्तै सेनालगायतका सुरक्षा निकायहरुको भर पर्नुपर्ने अवस्था छ । तसर्थ, विपत्तिको सामना गर्न नयाँ तर्जुमा गरिएको नीति नियमका साथै थप स्रोतसाधनको अभावमा पुरानै विधि र साधनमा भरथेग गर्नुपर्ने बाध्यता रहन्छ । यस हिसाबले प्राधिकरण सबल र सक्षम नभएसम्मको लागि विद्यमान यथार्थमा आधारित छुट्टै अल्पकालीन रणनीति (जसमा सेनाले प्रमुख भूमिका खेल्छ) र प्राधिकरणलाई सबल बनाउँदै लगी विपद् व्यवस्थापनको मुख्य मियो बनाउने दीर्घकालीन सोचसहितको दुई समानान्तर रणनीति (टु प्रोङड् स्ट्र्याटेजी) आवश्यक देखिन्छ ।

यही रणनीतिमा ठूला र साना विपद्हरुलाई कुनकुन तहले कसरी सामना गर्ने र त्यसको लागि स्रोत साधनलगायतका पूर्वाधारहरु कसरी तयार गर्ने भन्ने पनि निर्क्योल हुनुपर्छ । किनभने जुनसुकै बेला आइपर्न सक्ने महाविपत्तिको सामना गर्न वस्तुनिष्ठ रणनीति अख्तियार नगरी 'आइपर्ने विपत्तिलाई सामना गर्न नीतिगत व्यवस्था भइसकेका छन्' भन्ने खालको सोच राखेर ढुक्क हुने हो भने त्यसभन्दा ठूलो धोका अरु हुनेछैन । हेक्का राख्नु पर्ने कुरा, नेपाल भूकम्पीय जोखिम क्षेत्रमा छ र हालैका अध्ययनहरुले पनि कुनै पनि बेला विशेषगरी नेपालको पश्चिम भूभागमा ठूलै भूकम्प जानसक्ने आंकलन भइरहेको छ ।

त्यसो भनेर सेनालाई नै विपद् व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी दिने तथा प्राधिकरणलाई सबल नबनाउने भन्ने भने होइन । नागरिक-सैनिक सम्बन्धका दृष्टिकोणबाट पनि प्राधिकरणलाई सक्षम बनाउन जरुरी छ । यद्यपि, वास्तविकतालाई अङ्गीकार गरी केही वर्ष नेपाली सेनाकै भर पर्दै गर्दा सँगसँगै विपद् व्यवस्थापनको रणनीतिक गुरुत्वकेन्द्र प्राधिकरणमा सार्नेतर्फ पनि निरन्तर कार्य जारी रहनु पर्छ । यसो गर्दा संक्रमण कालमा हुनसक्ने भद्रगोलबाट जोगिन सकिन्छ । समयसँगै जब प्राधिकरणले विपद् व्यवस्थापन कार्यमा केन्द्रीय भूमिका निर्वाह गर्न सक्षम हुन्छ तब नेपाली सेनालाई विपद् व्यवस्थापनको कार्यसञ्चालन तहको गुरुत्वकेन्द्र (अपरेसनल सेन्टर अफ ग्राभिटी) को रुपमा कायम राख्नुपर्छ जसमा मुख्यरुपमा आकस्मिक खोज, उद्धार र सहायता वितरणका गतिविधिहरु पर्छन् । आकार, तालिम, तैनाथी आदिका दृष्टिले पनि नेपालको सन्दर्भमा सेना विपद् व्यवस्थापनको अपरेसनल सेन्टर अफ ग्राभिटीको रुपमा रही रहने देखिन्छ । यथार्थमा सेनाको भूमिकालाई विपद् व्यवस्थापनकै लागि खडा गरिने निकायहरुले पनि निकट भविष्यमा विस्थापन गर्न सक्ने देखिँदैन ।

हामीले मित्रराष्ट्रहरुको मोडलबाट धेरै सिक्न सक्छौं तर जस्ताको तस्तै नक्कल गर्न खोजियो भने अव्यावहारिक हुनुका साथै असफल समेत हुने जोखिम रहन्छ । किनभने हाम्रो क्षमता, दक्षता, भूगोललगायतको धरातलीय यथार्थ फरक छ । तर, हामीलाई असफल हुने छुट छैन । अमेरिकाको फिमा अत्यन्त प्रभावकारी र परिपक्व संयन्त्र हो । नेपालमा पनि बामे सर्ने अवस्थामा रहेको प्राधिकरणलाई सबल र सक्षम बनाउन सबै पक्षबाट योगदान हुन जरुरी छ । तर, हाल शैशव अवस्थामा रहेको संगठनमा नै पूर्णरुपमा भरपर्दा चाहिनेभन्दा अधिक भरोसा हुनजान्छ कि भन्नेतर्फ पनि सोच्नु जरुरी छ ।

हाल प्राधिकरण मातहत आएको राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र पनि 'अपरेसन सेन्टर' भन्दा 'सिचुएसन सेन्टर' वा अझ भनौं 'इन्फरमेसन सेन्टर'को रुपमा रहने गरेको देखिन्छ । हालकै नीतिगत व्यवस्थामा गृह मन्त्रालयमातहतको प्राधिकरणले सेनालाई परिचालन गर्दा आई पर्ने चुनौतीका बारेमा खासै ध्यान दिइएको पाइँदैन । विपद् व्यवस्थापनमा रक्षा मन्त्रालयको भूमिकालाई गौण राखिएको छ । हुन त खोज र उद्धारको लागि प्राधिकरणअन्तरगत खडा गरिने कमान्ड पोस्टमा सेनाको कमान्ड हुने व्यवस्था गरिएको छ जसले केही हदसम्म भए पनि समन्वयको समस्यालाई सम्बोधन गर्न सक्छ । तैपनि विनाशकारी विपत्तिको परिस्थितिमा गृहमन्त्रालयको 'अधिकार' र नेपाली सेनाको 'जिम्मेवारी'बीच कसरी तालमेल बन्छ र सेवा आपूर्तिमा कति कार्यकुशलता हासिल हुन्छ हेर्न बाँकी नै छ ।

जारी भएका नयाँ नीति नियमले विपद् व्यवस्थापन कार्यलाई एकातिर विकेन्द्रित गरी प्रदेश र स्थानीय तहलाई बढी जिम्मेवार बनाउने प्रयास गरेको छ भने प्राधिकरणको भूमिकालाई पनि स्पष्ट पार्ने कोसिस गरेको छ । बिरलै आउने महाविपत्ति र वर्षैपिच्छे आउने प्राकृतिक प्रकोपहरुलाई कसरी सम्बोधन गर्ने भनी ती दस्तावेजहरुले कल्पना गरेको देखिन्छ । तर, उक्त नीतिले परिकल्पना गरेको ढांचालाई व्यवहारमा उतार्न नसक्दा र परम्परागत सोचमा परिवर्तन नआउँदा सबै तहको कार्य सम्पादनको तौरतरिका पुरानै 'दैवी प्रकोप (उद्धार) ऐन, २०३९' भन्दा पृथक हुनसकेको देखिँदैन । यो संक्रमण कतिसम्म रहन्छ भन्न सकिँदैन तर यसलाई बेवासता गरी लामो समयसम्म रहन दिएको खण्डमा ठूलो धनजनको क्षति हुनसक्ने जोखिमलाई नकार्न सकिँदैन ।

नेपालमा रणनीतिक संस्कारको कमी छ जसले गर्दा हामी संकट व्यवस्थापनभन्दा माथि खासै उठ्न सकेको छैनौ । एउटा साङ्गोपाङ्ग रणनीति भन्दा पनि 'राहत वितरणका मापदण्डमा संशोधन गरिएका' अथवा 'राहत र उद्धारका लागि प्रजिअले कम्तीमा २५ जनाको जनशक्ति तयारी अवस्थामा राख्नुपर्ने' जस्ता टुक्रे नीति बनेका समाचारहरु आइरहन्छन् । तह र जिम्मेवारीअनुरुपको सोच र योजना गर्ने भन्दा पनि झिनामसिना विषयवस्तुमा सबैको ध्यान गएको देखिन्छ । नेपाल भूकम्पीय जोखिमको अग्रस्थानमा रहनुका साथै 'ग्लोबल वार्मिङ'का कारणले गर्दा अन्य प्राकृतिक विपत्तिहरु पनि आगामी दिनमा भयावह हुँदै जाने अवस्था छ । त्यसकारण, हामीले विपद् व्यवस्थापनलाई पुरानै दृष्टिले हेर्ने मनोवृत्ति त्यागी समय सान्दर्भिक व्यावहारिक रणनीति बनाई अघि बढ्नु बुद्धिमानी हुन्छ ।

संक्रमणकाल भनेर विपत्तिले हामीलाई कुर्दैन । तसर्थ, नेपालमा विपद् व्यवस्थापनको लागि हालको नीतिगत व्यवस्थाले परिकल्पना गरेजस्तो दीर्घकालीन सोचका साथै वर्तमान वास्तविकतामा आधारित अल्पकालीन रणनीति अवलम्बन गर्नु नै श्रेयस्कर हुने देखिन्छ ।

# विपद् ठूलो कि सत्तास्वार्थ ?



रमेश भट्टराई 'सहृदयी'

जनता पहिरोमा परेर, डुबानमा परेर बिचल्ली भइरहँदा हाम्रो देशले उस्तो धेरै दुःख मान्न सकेको छैन । आवश्यकताका आधारमा विपत्तिमा परेपछि सहयोग गर्नु स्वाभाविक प्रक्रिया हो । तर विपत्तिमा दुर्घटित हुन नदिने शैलीको विकास भएन । रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिने आधार खोजिएन । राहतमा भन्दा पूर्वसतर्कता पूर्वसचेतना संयन्त्र र बस्ती सार्नुपर्ने विषयमा सरकारले बेलैमा ध्यान त दिएन नै । उल्टो कुर्सीको मोहमा आपसी मत मतान्तरलाई ग्राह्यता दिएर बहुमतको सरकार पनि उसै गरी पौँठा जोरी खेलिरहेको छ । आगो लागेपछि कुवा खन्ने सोचबाट ग्रसित भएको सदियौँदेखिको कुसंस्कार यसपटक पनि उस्तै देखियो । विपद् पश्चात् मात्रै उद्धारतिर लाग्ने तर पूर्व सचेतनामा ध्यान नपुर्‍याउने हाम्रो सोचमा रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिने विषय गम्भिर नबन्नु नै विडम्बनापूर्ण छ ।

सहरीक्षेत्रमा कोरोना महामारीले निकै नै प्रभाव पारिरहेको छ भने पहिरो र डुबानको पीडाबाट ग्रामीण गरिब बस्तीहरू बढी जोखिममा परेका छन् । हुने र सक्नेले राम्रै घर बनाएका हुन सक्लान् । राम्रै स्थानमा घर बनाएकाले सुरक्षित होला तर धेरै विपन्नको दशा हृदयविदारक देखिन्छ । हाम्रो देशमा बाढी, पहिरो जाने क्षेत्रमा मूलतः विपन्न परिवारकै बसोवास रहेको देखिन्छ । परिणामतः उनीहरूले विकल्प रोज्ने आधार नपाएर पनि जोखिम क्षेत्रमै जीवन जिउनु परेको यथार्थ हाम्रो माझमा छ ।

प्राकृतिक विपत्ति त मानिसको काबुमा छैन नै । तराई बाढी र डुबानको पिरलोमा हुन्छ । पहाडमा बर्सेनि कान्ला भत्किने भयदेखि पहिरोको जोखिम हुन्छ । हिमालमा हिमपातका भयबाट हामी भयभित छौँ । प्रकोपहरू हाम्रो नियन्त्रणभन्दा बाहिर छन् । तर भौतिक संरचनाको फितलोपना, लापरबाही, लोभ, अदूरदर्शिताबाट पनि हामी सिकार बनेका रहेछौं । विगतबाट तर्सिएर पनि पूर्वसतर्कतामा जाँगर बढ्दैन । साथमा प्रशासनिक नादानी छ : भारतले बाँध खोल्दैन, उल्टै यता फर्काइदिन्छ, चरम् ज्यादती खेपिरहनुपर्छ । विपद् न्यूनीकरणमा आगो लागेपछि कुवा खन्नै शैलीमा हामी कर्मकाण्डे पनि त बन्यौं ।

वन फडानी, अव्यवस्थित सहरीकरण र प्रदूषणद्वारा सिर्जित जलवायु परिवर्तनजस्ता मानवीय कमजोरी तथा प्राकृतिक विपत्ति दुवै कारणबाट आज मुलुकले दुर्दशा भोग्नुपरेको देखिन्छ । बग्ने खोलानालाका विकास नहुनु, पानीको निकास नखोजिनु समस्या हो । आपत्कालीन सामानको तयारी, विज्ञको मतबाट समस्याग्रस्त स्थान निर्क्योल गर्ने, विपद् व्यवस्थापनमा जानकार व्यक्तिलाई संयोजन गर्ने व्यवस्थित निकाय नहुँदा बाँचेका प्रभावितको जीवन धराशायी बन्न सक्छ । यसर्थ जीवन जोगाउन तड्पिएका प्रभावित नेपालीलाई देशले ढिलासुस्ती नगरी सक्दो व्यवस्थापन गर्ने विषयमा स्थानीय सरकार चनाखो बन्नु आवश्यक छ ।

यतिखेर खानेपानी, गाँस-बास, चर्पी व्यवस्थापन, स्वास्थ्य अवस्थामा आएका महामारीका जोखिम पहिलो प्राथमिकतामा पर्छन् । पुनर्वास र पुनर्निर्माणमा सरकारी तथा गैरसरकारी संस्थाको एकजुट हुनुपर्ने आवश्यकता छ । सबै क्षेत्रमा उद्धार गर्न सक्ने अवस्था नरहँदा जनताका लागि हेलिकप्टरदेखि उद्धार गर्ने तर्फमा हाम्रो मुलुक चाहेजति सक्रिय बन्न सकेको देखिन्न तर यसोभन्दा सुरक्षाकर्मी तथा प्रहरीले आफ्नो ज्यान जोखिममा राखेर गरेका उद्धारकार्य प्रशंसनीय छन् । कोरोना महामारीको अवस्थालाई उचित व्यवस्थापन गर्नेदेखि हरेक विपत्तिमा प्रहरी तथा सेनाको भूमिका उल्लेखनीय छ । यद्यपि राज्यका सबै संयन्त्रको सक्रियताविना यस्ता समस्यामा न्यूनीकरण हुन नसक्ने देखिन्छ ।

यसअघि पनि बेलाबेला हलुङ्गे जसरी तात्दै र सेलाउँदै गर्ने नेकपाको विवाद र असहमतिका लप्का यतिखेर फलाम जसरी नै तातिरहेको छ । परिणामतः बाढी, पहिरोले पिरोलिइरहेका दर्दनाक र संवेदनशील विषय नै छायामा परिरहेका छन् । नेपालमा विज्ञहरूले आगलागी, बाढी, पहिरो, भूक्षय, भूकम्प लगायतका १५ वटाभन्दा बढी विपत्ति खेप्नुपर्ने तर्क पेस गरेको देखिन्छ । चिली, जापानजस्ता मुलुकमा भूकम्प जाँदा हुने क्षतिका पूर्व सचेतना, सुनामी सुरक्षामा विकसित मुलुकले अपनाउने प्रविधिजस्तै हामीले हाम्रो मुलुकका समस्यामा पूर्वसतर्कता तथा जोखिम न्युनीकरण संयन्त्र तयार पार्न सकेनौं । पूर्वानुमान गरिए पनि बस्ती व्यवस्थापन गर्ने, वैकल्पिक सुरक्षा अपनाउने कुरामा हाम्रो देश अभ्यस्त छैन । कमजोर संयन्त्र र दीर्घकालीन सोचको अभावमा हाम्रो मुलुक अस्थिरताबाटै गुज्रिरहेको छ ।

हाम्रा कमजोर संरचना, खोलाका आडका घर, विनापरीक्षण-विनाअनुसन्धान निर्माण गरिएका विकास निर्माणका संरचना, वनफडानी, ढल व्यवस्थापनको अप्रभावकारिता अर्थात् असल विज्ञले काम गर्ने अवसर नपाउनेजस्ता घटनाले क्षतिको परिमाणलाई बढाएको देखिन्छ । फलतः प्राकृतिक तथा मानवीय कारणबाट हाम्रो देश विकासको दिशाबाट वर्षौंपछि धकेलियो । भएका ठूला संरचना बिग्रिए, नासिए । सत्तास्वार्थ र कुर्सीमोह जत्तिको संवेदनशील नातावाद, कृपावादमा राहत कुम्ल्याउने शैली लज्जास्पद विषय हो । पीडा नै नभोग्नेले राहतमा र्‍याल काढेका संवेदनहीन घटना विगतमा भन्दा कम हुन नसक्नु अर्को गम्भीर विषय हो ।

सलहले कृषिमा पारेको असरलाई संयोजन गर्ने तथा बाढी र डुबानको भयका लागि उचित पूर्वसतर्कता अपनाउने कुरामा ध्यान पुर्‍याउन छोडेर सत्ताको लडाइँमा जुधिरहँदा यसपटक पनि ठूलो जनधनको दुःखद् क्षति भइरहेको छ । जनताका लागि शासन गर्ने प्रजातान्त्रिक शासकहरू भागबण्डा नमिलेर खेमाको लडाइँमा छन् । जनताको लास हिलोमा गाढिएको छ । घरबारविहीन जनताको पीडाभन्दा कुर्सी ठूलो देख्ने सत्ताधारी र कुर्सीप्रेमीको सोचलाई गणतान्त्रिक व्यवस्था भन्ने कि नभन्ने भन्ने ? अहिलेकै अवस्थामा मूलतः विपन्न, गरिब, अनकन्टार क्षेत्रका मानिसको जीवन जोखिममा छ । तराईमा पनि झुपडी बस्तीमा डुबानको भय छ । पहाडमा पनि पहाडका गरिब वर्गका झुपडीका दशा भयावह छन् । आकाशमा बादल देख्दा मुटुको धड्कन बढ्छ । विकल्प केही हुँदैन । हामीले राजमार्गमा बाटो रोकिएको दुःखलाई ठूलो मान्छौँ तर दूरदराजका अनकन्टार भिरमा बस्ने विपन्नका बर्सेनि दुख्ने वास्तविकतालाई देख्नै जान्दैनौं ।

अर्कोतिर मुलुकले पेचिलो मानेको विषयमा हेर्दा सत्तारुढ नेकपाको नेतृत्वको सवालमा जोसुकैले राज्यको वागडोर सम्हाले पनि विपन्नका लागि फरक पार्दैन । सत्ता जिम्मेवारी परिवर्तनबाट भलै कसैलाई लाभहानी होला तर जनता र देशलाई ठूलो आर्थिक, नैतिक घाटा हुन्छ । नेकपाभित्र दुई-तीन धारमा गम्भिर चिस्यान पैदा हुन्छ । ती भ्वाङलाई टाल्दा र सम्याउँदा नै बहुमतको सरकारको अमूल्य समय सकिनेछ । परिणामतः अहिले बढिरहेको सरकारप्रतिको वितृष्णाको बाढीले नेकपामा फुटै फुटको संकटासँगै बज्रपात पर्ने देखिन्छ । जनअभितको ठूलो उपेक्षा हुनेछ र भइरहेको पनि छ । यदि जनताले साथ दिएन भने न कोही राजा हुन सक्छ न कोही नेता नै हुन सक्छ । वास्तवमा जो कोही नयाँ प्रधानमन्त्री बनेर आए पनि पार्टीभित्रको सांगठनिक संरचनाको तथा कामको तारतम्य मिलाउँदैमा बाम नेतृत्वको सरकारको कार्यावधि सकिने देखिन्छ । अर्कोतिर पार्टीभित्र आन्तरिक टकराब रहिरहने हो भने जो नेतृत्वमा पुगे पनि कुर्सीमोह बोकेर एउटा असहयोगी जमात उसै गरी खडा हुनेछ ।

भनिन्छ, संसारमा दुईवटा कुरामा मूर्ख्याइँ हुन्छ : राजा वा शासकद्वारा अनि दरबारिया पण्डित वा सल्लाहकारद्वारा । शासकले आफ्नो अयोग्यताका बाबजुत पनि योग्यहरूमाथि शासन गर्छन् । सल्लाहकारले शासक स्तुति गर्नका लागि गलत तर्क गरेर झुटोलाई पनि सत्य साबित गराउन चाहन्छन् । शासकको गल्तीलाई पनि राम्रो बनाउने धृष्टता गरिरहन्छ ।

नेपाली राजनीतिमा प्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष केपी शर्मा ओली तथा अर्का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) को पक्ष र विपक्षमा चलेको जोडघटाउको राजनीतिक सरगर्मी अस्थिर सरकारकै जस्तो चर्को भइरहेको छ । यो खेमाको दोहोरीले स्थिर सरकार पनि अस्थिर सरकारभन्दा बढी स्वार्थमा होमिइरहेको बोध हुन्छ । हामी जनता पक्ष र विपक्षमा समर्थन र विरोधको चर्को प्रतिस्पर्धामा जति माहिर छौं त्यति धेरै विकास र समृद्धिका वास्तविक विषयमा हुँदैनौं । गुलामी गर्न, चाप्लुसी गर्न या त तीललाई पहाड बनाएर उचाल्न र लडाउन पनि उत्तिकै भूमिका निर्वाह गरिरहेका हुन्छौं । यो प्रजातान्त्रिक युगमा सफल र असल नेतृत्वलाई साथ र सहयोग दिनेभन्दा व्यक्तिवादी सोचलाई क्षणिक स्वार्थमा साथ दिन्छौं । फलतः कमजोर शासकले सक्षम समर्थकलाई हातमा लिन पाउँछ । तब सक्षमताकै आभास गरिरहन पाउँछ । सल्लाहकारले शासक स्तुतिका आधारमा शासकको कमजोरीलाई थाहा पाएर पनि राम्रै बताइदिन्छन् । शासकले सत्ताकै स्वार्थमा सिंगौरी खेल्न थाल्यो भने जनताको समस्या बिर्सन्छ, देशको संवेदनालाई भन्दा कुर्सीकै लडाइँमा बलियो खेमा बनाउने अभ्यास गरिरहन्छ । हाम्रो देशको ठूला पार्टीभित्रको वर्तमान रोग खेमाबन्दीमा अल्झिएको सत्तास्वार्थ नै हो ।

# ट्रम्प किन चुनाव सार्न चाहन्छन् ?

**अमेरिका/एजेन्सी–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आउँदो नोभेम्बरमा हुने राष्ट्रपति चुनाव सार्ने प्रस्ताव गरेर आफ्नै पार्टी भित्र पनि विवाद र आलोचनाको घेरामा आएका छन् । ट्रम्पले चुनावमा छल हुन सक्ने भएकाले नोभेम्बर भन्दा पछि सार्नु पर्ने बताएका थिए । त्यसपछि विपक्षी डेमोक्र्याटले त्यसको तीव्र आलोचना गरेकोमा रिपब्लिकन पार्टीका शीर्ष नेताहरुले पनि विरोध गरेका छन् ।

माथिल्लो सदन सिनेटका मेजोरिटी लिडरल मिच म्याकोनेल र तल्लो सदनका माइनोरिटी लिडर केविन म्याकर्थीले ट्रम्पको प्रस्ताव खारेज गरेका हुन् । उनीहरु दुवै रिपब्लिकन हुन् । ट्रम्पसँग चुनाव पछि सार्ने कुनै अधिकार छैन । यसका लागि ट्रम्पले संसदको दुबै सदन हाउस अफ रेप्रिजेन्टेटिभ र सिनेटबाट बिल पास गर्नुपर्ने हुन्छ । सिनेटमा त ट्रम्पको रिपब्लिकन पार्टीको बहुमत छ तर तल्लो सदनमा डेमोक्रेटिक पार्टीको बहुमत छ ।

यदि ट्रम्पले सदनबाट बिल पास गरिहाले पनि उनले चुनावलाई धेरै समयका लागि रोक्न सक्दैनन् । अमेरिकाको संविधाको २० संसोधन अनुसार राष्ट्रपति चुनाव २० जनवरीसम्म कुनै पनि परिस्थितीमा गरिसक्नुपर्नेछ ।


ट्रम्पले हुलाक मार्फत हुने मतदान बिस्तार हुँदै गएको र यसले धाँधली, छल तथा तथ्यगत नतिजा नआउने भन्दै चुनाव सार्ने प्रस्ताव गरेका हुन् । नागरिकले व्यवस्थित, स्वातन्त्र तथा सुरक्षित रुपमा मतदान गर्न पाउने अवस्था सिर्जना भएपछि चुनाव गर्नु पर्ने उनले बताएका हुन् ।

कोरोना भाइरसको महामारीका कारण आउँदो नोभेम्बरमा हुने राष्ट्रपति चुनावमा धेरै अमेरिकीले हुलाक मार्फत मतदान गर्दै छन् । ट्रम्पको दाबीलाई पुष्टि गर्ने प्रमाणहरु छैनन्, उनी लगातार हुलाक मार्फत हुने मतदानको विपक्षमा रहँदै आएका छन् ।

सन् १९३० को ग्रेट डिप्रेसन यताकै खराब अवस्थामा अमेरिकी अर्थतन्त्र पुगेका बेला ट्रम्पले चुनाव सार्ने प्रस्ताव गरेका हुन् । बलियो अर्थतन्त्रलाई प्रमुख मुद्दा बनाउँदै आएका ट्रम्प अर्थतन्त्र नै खराब भएपछि आफू दोस्रो कार्यकालका लागि निर्वाचित नहुने भयका कारण त्यसलाई टार्न चुनाव सार्ने खेलमा लागेको विपक्षीको आरोप छ । रिपब्लिकनहरुले नै अमेरिकी इतिहासमा राष्ट्रपति चुनाव कहिल्यै पनि पछि नधकेलिएको भन्दै ट्रम्पको प्रस्ताव खारेज गरे ।

राष्ट्रपति चुनावका लागि डेमोक्र्याटिक पार्टीका तर्फबाट पूर्व उपराष्ट्रपति जो बाइडेन उम्मेदवार बन्दै छन् । ट्रम्प पछिल्ला अधिकांश सर्वेक्षणहरुमा बाइडेन भन्दा दोहोरो अंकले पछि देखिएका छन् ।

> बलियो अर्थतन्त्रलाई प्रमुख मुद्दा बनाउँदै आएका ट्रम्प अर्थतन्त्र नै खराब भएपछि आफू दोस्रो कार्यकालका लागि निर्वाचित नहुने भयका कारण त्यसलाई टार्न चुनाव सार्ने खेलमा लागेको विपक्षीको आरोप छ ।



# सेनिटाइजर खाँदा १० जनाको मृत्यु



**भारत/एजेन्सी–** भारतको आन्ध्र प्रदेशमा ह्याण्ड सेनिटाइजर खाँदा कम्तीमा १० जनाको ज्यान गएको छ । लकडाउनका बेला रक्सी पसल बन्द रहँदा लत लागेका व्यक्तिले रक्सीमा आधारित सेनिटाइजर खाएको र त्यसकै कारण कम्तीमा १० जनाको ज्यान गएको स्थानीय अधिकारीलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

कोरोना भाइरसका संक्रमितहरु बढेपछि आन्ध्र प्रदेशको कुरिचेदू गाउँमा लकडाउन लागु गरिएको थियो । सो गाउँमा व्यक्तिले रक्सी नपाउँदा सहज रुपमा पाइने रक्सीमा आधारित सेनिटाइजरलाई पानी र अरु पेय पदार्थमा मिसाएर खाएको स्थानीय प्रहरी प्रमुख शिद्धार्थ कौशलले बताएको बिबिसीले उल्लेख गरेको छ ।

झण्डै १० दिनसम्म सेनिटाइजर खाएपछि उनीहरुको मृत्यु भएको प्रहरी अधिकारी कौशलले बताए । सेनिटाइजरमा अरु केही विषादी युक्त पदार्थ थियो या थिएन भन्ने बारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । त्यसका लागि सेनिटाइजरको नमूना परीक्षणका लागि पठाइएको छ । भारतमा कोरोना भाइरसको संक्रमण अति तीव्र गतिमा बढ्दो क्रममा रहे पनि केन्द्र सरकारले लकडाउन खुलाएको छ । तर केही स्थानीय तहले लकडाउन कायम राखेका छन् ।

# टिकटकमा प्रतिबन्ध लगाउने अमेरिकाको तयारी




**वासिङ्टन/एजेन्सी–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले टिकटकमाथि अमेरिकामा प्रतिबन्ध लगाउने बताएका छन् । उनले स्थानीय समय अनुसार शनिबार राति पत्रकारसँग टिकटकमाथि प्रतिबन्ध लगाउने तयारी भएको र आफूसँग सो अधिकार रहेको बताएको सिएनएनले जनाएको छ । ट्रम्पले पत्रकारसँग भनेका छन्, 'टिकटकका सम्बन्धमा रहेको चासोका बारेमा बताउनु पर्दा, हामी अमेरिकामा त्यसमाथि प्रतिबन्ध लगाउँदै छौं ।'

त्यसका लागि आफूले आपतकालीन आर्थिक अधिकार वा कार्यकारी निर्देशनको प्रयोग गर्न सक्ने ट्रम्पले बताए । तर त्यस्तो आदेश कस्तो खालको हुनेछ भन्ने स्पष्ट भएको छैन । ट्रम्प प्रशासनमा कार्यरत अधिकारीहरुले राष्ट्रपति ट्रम्पले टिकटक सञ्चालक चिनियाँ कम्पनी बाइटडान्सलाई अमेरिकामा टिकटकको सञ्चालन अधिकारी बेच्न बाध्य पार्ने खालको आदेशको तयारी गरेको बताएका छन् ।

विदेशीको स्वामित्वमा रहेको टिकटक राष्ट्रिय सुरक्षामा खतरा हुन सक्ने भएको भन्दै नीति निर्माताले चासो व्यक्त गरेकाले ट्रम्पले त्यस्तो निर्णय लिने तयारी गरेको स्रोतलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ ।

यसअघि जुलाईको पहिलो सातामा नै अमेरिकी विदेशमन्त्री माइक पोम्पेओले पनि अमेरिकाले टिकटकमाथि प्रतिबन्ध लगाउने बारेमा सोचिरहेको भनाइ राखेका थिए । त्यसको करिब महिना दिनपछि अमेरिकी राष्ट्रपति ट्रम्पको यो भनाइ आएको प्राप्त समाचारमा जनाइएको छ ।

# पाकिस्तानले हान्यो अफगानिस्तानमा रकेट, १५ जनाको मृत्यु



**काबुल/एजेन्सी–** पाकिस्तानले दक्षिणी अफगानिस्तानमा रकेट प्रहार गरेको अफगान सेनाले बताएको छ । सो रकेटले लागेर दक्षिणी अफगानिस्तानका कम्तीमा पनि १५ जना नागरिकको ज्यान गएको छ । सो आक्रमणका क्रममा अरु कम्तीमा पनि ७० जना सर्वसाधारण पनि घाइते भएका र घाइते मध्ये कैयौको अवस्था गम्भीर भएकाले मृतक संख्या बढ्न सक्ने पनि अनुमान गरिएको छ ।

दक्षिणी अफगानिस्तानको कान्दाहार प्रान्तको एक नगरमा पाकिस्तानी सेनाले रकेट प्रहार गरेको अफगान सेनाले जानकारी दिएको छ । अफगानिस्तानको दक्षिणी प्रान्त कान्दाहारको स्पिन बोल्दाक जिल्लामा पाकिस्तानी र अफगानी सुरक्षा फौजका बीचमा शुक्रबार दिनभर जसो भिडन्त भएको थियो ।

सो भिडन्तपछि शुक्रबार साँझपख पाकिस्तानी सेनाले सो जिल्लालाई लक्ष्य गरेर भारी मात्रामा रकेटकहरुले सो हमला गरेको अफगान सेनाको भनाइ रहेको छ । उक्त हमलापछि शुक्रबार रातिसम्ममा १५ जना सर्वसाधारणको ज्यान गएको र अरु कम्तीमा पनि ७० जना सर्वसाधारण नराम्ररी घाइते भएका अफगान सेनाले जानकारी दिएको छ ।

सो जिल्लामा सर्वासाधारण नागरिकहरु बाटो हिँडिरहेको मौकामा पाकिस्तानी पक्षबाट अकस्मात रकेटहरु प्रहार भएका थिए । त्यसैले यस हमलाबाट बाटो हिँडेका सर्वसाधारण नागरिक नै शिकार भएका छन् । जसका कारण सो जिल्लामा शुक्रबार राति पनि त्रास फैलिएको अफगानिस्तानको उक्त प्रान्तका सुरक्षा अधिकारीहरुले स्थानीय मिडियालाई जानकारी दिएका छन् ।

यी दुई देशको सीमा क्षेत्रमा के कति क्षति भएको छ भन्ने बारेमा भने केही खबर आएको छैन । अफगानिस्तानका सुरक्षाकर्मी र पाकिस्तानका सुरक्षाकर्मीहरु सीमा क्षेत्रमा पनि एक अर्कालाई हमला गर्ने गरी तयारी अवस्थामा बसिरहेका पनि अधिकारीहरुले जानकारी दिएका छन् ।

# ब्राजिलमा एकैदिन थपिए ५२ हजार बढी संक्रमित




**ब्राजिल/एजेन्सी–** ब्राजिलमा पछिल्लो २४ घन्टामा ५२ हजारभन्दा बढी कोरोना भाइरसका संक्रमित थपिएका छन् । ब्राजिलमा २४ घन्टा यता मात्र करिब ५२ हजार ३८३ जनामा कोरोना भाइरसको संक्रमण देखिएको प्राप्त पछिल्लो समाचारमा जनाइएको छ । योसँगै यहाँ संक्रमितको संख्या २६ लाख नाघेको ब्राजिलको स्वास्थ्य मन्त्रालयले जनाएको छ । अधिकारीहरुले जनाएअनुसार यहाँ संक्रमितको पछिल्लो संख्या २६ लाख ६६ हजारभन्दा बढी पुगेको छ ।

गएको २४ घन्टामा यहाँ १ हजार २१२ जनाको कोरोना भाइरसका कारण निधन भएको छ । प्राप्त जानकारीअनुसार यहाँका ९२ हजार ५ सय भन्दा बढीले कोरोनाकै कारण ज्यान गुमाएका छन् । तर यहाँ पछिल्लो समयमा संक्रमितको संख्यामा भने केही कमी आएको छ ।

गत बिहीबारको परीक्षणको तुलनामा यहाँ संक्रमित घटेका हुन् । बिहीबार यहाँ ६९ हजारभन्दा बढी संक्रमित देखिएकोमा शुक्रबार यो संख्यामा कमी आएको हो । ब्राजिल अमेरिकापछि सबैभन्दा बढी कोरोना प्रभावित देश हो । यहाँ अझै ठूलो संख्यामा नागरिक संक्रमित भएको आशंका गरिएको छ । तर पनि परीक्षणको संख्या बढाउनुपर्ने उनीहरुको भनाइ छ ।

यसै कारणले पनि यहाँ ठूलो संख्यामा संख्यामा फैलिएको बताउने गरिएको छ ।

# भारतमा संक्रमण बढ्दो



**भारत/एजेन्सी–** भारतमा एकैदिन ५७ हजार भन्दा बढी व्यक्तिमा कोरोना भाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको छ । यो संख्या एकैदिनमा संक्रमित भएका मध्ये अहिलेसम्मकै सवैभन्दा धेरै हो । अधिकारीहरुले शनिबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा ५७ हजार ११७ संक्रमित थपिएका छन् । योसँगै देशभरी कोरोनाबाट अहिलेसम्म संक्रमितहरुको संख्या १७ लाख नाघेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार कुल संक्रमितमध्ये पाँच लाख ६८ हजार भन्दा बढी अझै पनि संक्रमित अवस्थामै रहेका छन् । त्यसैगरी दश लाख ९६ हजार भन्दा बढी व्यक्ति संक्रमणमुक्त भएको पनि अधिकारीहरुले जनाएका छन् ।

भारतमा कोरोनाका कारण अहिलेसम्म कुल ३६ हजार ५ सय बढी व्यक्तिको मृत्यु भएको छ । ती मध्ये ७६४ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो । मन्त्रालयले सार्वजनिक गरेको तथ्यांक अनुसार कोरोनाले सवैभन्दा धेरै महाराष्ट्र प्रदेशलाई असर पारेको छ । यस प्रदेशमा अहिलेपनि एक लाख ५० हजार ९ सय बढी व्यक्ति संक्रमित अवस्थामै रहेका छन् । त्यसैगरी मृत्यु भएकाहरुको संख्या १९ हजार ९ सय नाघेको छ । मन्त्रालयका अनुसार तमिलनाडु प्रान्तमा ५७ हजार ९ सय बढी व्यक्ति संक्रमित अवस्थामै रहेका बेला तीन हजार ९ सय बढीको मृत्यु भएको छ ।


## अरनिको ओभरसिज प्रा. लि.को सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं. २६७/०५८/०५९ को यस अरनिको ओभरसिज प्रा. लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | साउदी अरब | १२८ | ९ | १३७ |
| | कुल जम्मा | १२८ | ९ | कुल जम्मा १३७ जना |

अरनिको ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. २६७/०५८/०५९
कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८

## जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.को सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं. ८४५/०६६/०६७ को यस जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | मलेसिया | १०८ | ० | १०८ |
| २. | कतार | ३ | ० | ३ |
| ३. | साउदी अरब | ६० | ० | ६० |
| | कुल जम्मा | १७१ | 0 | कुल जम्मा १७१ जना |

जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४३८८३८०, ४३८२५३३, फ्याक्सः ४३८८३८१

## आर. बि. ओभरसिज प्रा. लि.को सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं. ७७२/०६५/०६६ को यस आर. बि. ओभरसिज प्रा. लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | कतार | २९ | ९ | ३८ |
| २. | यूएई | ४२१ | २४ | ४४५ |
| ३. | मलेसिया | २८ | ० | २८ |
| ४. | मकाउ, चिन | १५ | ० | १५ |
| | कुल जम्मा | ४९३ | ३३ | कुल जम्मा ५२६ जना |

आर. बि. ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६
गोंगबु, काठमाडौं, Hot Line: 01-4387457, 4390215

## वासा हेन्डीक्राफ्ट प्रा.लि.को हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको वासा हेन्डीक्राफ्ट प्रा.लि. (प्रा.लि. नं. ९६८५१) को मिति २०७६/०३/२७ को विशेष साधारणसभाले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिनेछ ।

**लिक्वीडेटरः श्रीधर न्यौपाने**
**इजाजतपत्र नं. २३८, फोन नं. ९८४१२५६६८५**

## एभरेष्ट इन्टरनेशनल जन आपूर्ति सेवा प्रा.लि.को हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको एभरेष्ट इन्टरनेशनल जन आपूर्ति सेवा प्रा.लि. (प्रा.लि. नं. २१९५) को मिति २०७६/०३/२७ को विशेष साधारणसभाले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिनेछ ।

**लिक्वीडेटरः श्रीधर न्यौपाने**
**इजाजतपत्र नं. २३८, फोन नं. ९८४१२५६६८५**

# बक्स अफिस समाचार

## 'चिसो मान्छे' र 'लकडाउन' बनाउँदै दीपेन्द्र



'चिसो मान्छे' मा भने अहिले मानिसहरू चिसो (स्वार्थी) भइरहेको विषयलाई प्रस्तुत गर्नेछौं। स्क्रिप्टमा निकै मेहेनत गरेको छु। राम्रो चीज निस्कनेमा विश्वस्त छु।'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ साउन

निर्देशक दीपेन्द्र के. खनाल दुई नयाँ फिल्म निर्देशन गर्ने तयारीमा रहेका छन्। गत वर्ष प्रदर्शनमा आएको फिल्म 'आमा' पछि नयाँ फिल्मका लागि लकडाउनको समयमा घरमै बसेर स्क्रिप्ट लेखेका उनले बिहीवार चलचित्र विकास बोर्डमा दुई फिल्मका लागि निर्माण इजाजत लिएका छन्।

निर्देशक खानालले अब निर्देशन गर्न लागेको दुई नयाँ फिल्मको नाम 'चिसो मान्छे' र 'लकडाउन' राखिएको छ। निर्देशक खनालका अनुसार, दुवै फिल्म सामाजिक विषयवस्तुमा आधारित भएर निर्माण हुनेछ। फिल्मलाई शर्मिला पाण्डेले निर्माण गर्नेछिन्। फिल्म 'लभ लभ लभ' देखि उनले निर्देशक खनालसँग व्यवसायिक सहकार्य गर्दै आइरहेकी छन्। 'आमा' को सफलतापछि उनलाई फिल्म निर्माणमा अझै रम्न मन लागेको बुझ्न सकिन्छ।

दुई फिल्ममध्ये पहिला 'चिसो मान्छे' निर्माण हुनेछ। लकडाउनमा निर्देशक खनालले यही फिल्मको स्क्रिप्टमा काम गरेका हुन्। उनका अनुसार, फिल्मको स्क्रिप्ट लगभग फाइनल भइसकेको छ। यो फिल्म निर्माण भएपछि उनी 'लकडाउन' को स्क्रिप्टमा बस्नेछन्। दुवै फिल्मका लागि कलाकार फाइनल नभएको उनको भनाइ छ। बजारमा भने अभिनेत्रीमा सुरक्षा पन्त हुने चर्चा चल्दै आएको छ।

दुई फिल्मको बारेमा निर्देशक खनाल भन्छन्, 'लकडाउनमा आम मानिसले भोगेको समस्या लगभग एउटै हो। 'लकडाउन' मा यही विषय समेटिनेछ। 'चिसो मान्छे' मा भने अहिले मानिसहरु चिसो (स्वार्थी) भइरहेको विषयलाई प्रस्तुत गर्नेछौं। स्क्रिप्टमा निकै मेहेनत गरेको छु। राम्रो चीज निस्कनेमा विश्वस्त छु।'

'अवस्था सहज हुन बित्तिकै फ्लोरमा जाने हाम्रो तयारी हो,' दीपेन्द्र भन्छन्, 'मेटाफोरिक रुपमा नामलाई उठाएको छु। हामी हरेक व्यक्ति अहिले चिसो हुँदै गएका छौं, यसललाई चलचित्रमा भन्ने छु।'

फिल्मका लागि सुटिङ स्पोट लगायत रिसर्चका लागि निस्कने तयारीमा दीपेन्द्र छन्। फिल्म छायाँकनमा जानु अगाडि कलाकार तथा निर्माण युनिट समेत सार्वजनिक गरिने निर्देशक दीपेन्द्रले बताए। सरकारले छायांकनका लागि अनुमती दिएसँगै फिल्मको छायांकन सुरु हुने उनको भनाइ छ।

## हरिवंशको गाईजात्रा गीत 'तिमी के को जान्ने ?'



**काठमाडौं/मस-** हास्य कलाकार हरिवंश आचार्यले गाईजात्राको अवसरमा 'तिमी केको जान्ने, तिमी केको सुन्ने, म पो जान्ने सुन्ने' गीत बजारमा ल्याएका छन्। आचार्यको आफ्नै शब्द, संगीत र स्वर रहेको उक्त गीतको भिडियो बिहीबार युट्युबमा सार्वजनिक भएको छ। गीतमा राजनीतिक व्यंग्य देखाइएको छ। नेपालको हरेक राजनीतिक दलमा ठूलो, सानो भन्ने तछाड मछाड रहेकाले यो यथार्थलाई गीतमा उतारिएको छ।

गीतले शक्तिमा रहेको एक नेताको चाँकडी कसरी गरिन्छ र उसले आफूलाई कसरी देवत्वकरण गरिरहेको छ भन्ने बिषयमा ब्यङ्ग्य प्रहार गर्न खोजेको छ। शक्तिमा रहेको मानिसलाई कसरी देवत्वकरण गरिएको छ भन्ने पनि गीतमा बताउन खोजिएको छ। गीतमा भुपालमान सिंहको एरेन्ज रहेको छ भने किरण तुलाधरको मिक्सिङ-मास्टरिङ रहेको छ।

स्टुडियो वानमा उक्त गीत रेकर्डिङ गरिएको हो। भिडियोमा हरिवंश आचार्यलाई नेताको भूमिकामा देख्न सकिन्छ। सागरराज शर्माको निर्देशन रहेको गीतको भिडियोमा हरिवंश आचार्य, शशिकुमार खड्का, किरण तुलाधर, विकाश भट्टराई, सुष्मा कार्की, धनराम मुस्कान, अनिल जिसी (बुलेट), सम्राट घिमिरे, दीप शेर्पाली, सुवास महत, शंकर बिसीलगायतको अभिनय रहेको छ। साथै गीतको सुरूमा 'नेपालका सम्पूर्ण राजनीतिक दलहरूप्रति समर्पित' लेखिएको छ।

## 'डक्टर डेनिम'को फिल्ममा मनिष



**काठमाडौं/मस-** कलाकार मनिष राउत नयाँ फिल्ममा अनुबन्ध भएका छन्। क्लोथिङ्ग ब्राण्ड 'डक्टर डेनिम' ले निर्माण गर्न लागेको फिल्ममा उनी मुख्य अभिनेताको रुपमा चयन भएका हुन्। 'डक्टर डेनिम' को ब्राण्ड एम्बेसडर समेत रहेका राउतको जोडीको रुपमा भने नायिका छनोट नभएको 'डक्टर डेनिम' का सिइओ निलुस गौतमले बताए। यो फिल्ममा गौतम निर्माता रहनेछन्।

आगामी वर्ष प्रदर्शन गर्ने गरी 'डक्टर डेनिम' ले फिल्म निर्माण गर्न लागेको हो। फिल्मका निर्देशक, लेखकसहित अन्य टिमको बारेमा भने जानकारी गराइएको छैन। केही समयमा नै फिल्मको नामसँगै लेखक तथा निर्देशकको परिचय दिने निर्माण टिमको योजना छ। फिल्ममा मनिषको जोडीको रुपमा नायिकाका लागि नयाँ कलाकारको खोजी भइरहेको निर्माता गौतमले बताए।

फिल्ममा मनिषलाई अभिनेताको रुपमा चयन गर्नुको कारणबारे निर्माता गौतम भन्छन्, 'मनिषको क्रेज देखेरै हामीले लामो समयसम्मको लागि 'डक्टर डेनिम' को ब्राण्ड एम्बेसडर बनाएका थियौं। उहाँको क्रेजबाट हामीले हाम्रो ब्राण्ड स्थापित गर्न सफल बन्यौं। अब हामीले उहाँलाई नै लिएर फिल्म बनाउन लागेका छौं।' फिल्मको नेपाल, जर्मनी र भारतको गोवामा छायांकन हुनेछ।

मनिषको अहिलेसम्म कुनै पनि चलचित्र रिलिज भएको छैन। उनले चलचित्र 'प्रेमगीत ३'मा अभिनय गरेका छन्। फिल्ममा उनले राजकुमारको भूमिका निर्वाह गरेका छन्। कोरोनाको महामारी नभएको भए यो फिल्म गत वर्षको चैतमा प्रदर्शन भइसकेको हुन्थ्यो। अब आउँदो बैशाखमा फिल्म प्रदर्शन हुने बुझिएको छ। यो फिल्मलाई लिएर उत्साहित रहेका मनिष नयाँ फिल्ममा जोडिन पाउँदा झन उत्साहित भएको बताउँछन्।

## एलिना र कर्साङको 'म त मरी जाऊँ'



**काठमाडौं/मस-** चर्चित गायिका एलिना चौहान र गायक कर्साङ लामाको आवाजमा रहेको 'म त मरी जाऊँ' बोलको गीत बजारमा आएको छ। पछिल्लो समय चर्चा बटुल्न सफल गायक एंव संगीतकार कर्साङ लामाले सांगीतिक क्षेत्रमा नयाँ प्रयोग ल्याएका छन्।

गीतमा दिनेश सुवेदिको शब्द, उनै गायक कर्साङ लामाको संगीत, संगीत संयोजन र मिक्सिङ रहेको छ भने स्वरमा गायिका एलिना चौहानले साथ दिएकी छिन्। भिडियोलाई निर्देशक बाबु जिम्बाले छायांकन, कोरियोग्राफी र निर्देशन गरेका हुन् भने छायांकन, सम्पादन र कलर आशिष जिम्बाले गरेका हुन्।

## 'दानराज'को शुभमुहूर्त



**काठमाडौं/मस-** फिल्म 'दानराज'को शुभमुहूर्त गरिएको छ। काठमाडौंको भद्रकाली मन्दिरमा फिल्मका कलाकार तथा प्राविधिकहरुको उपस्थितिमा शुभमुहूर्त गरिएको हो। शंकर अधिकारी घायलको निर्देशन रहने फिल्म डिएस डिजिटल सिनेमाको ब्यानरमा निर्माण हुन लागेको हो।

निर्देशक अधिकारीकै प्रस्तुति रहेको फिल्ममा शत्रुघन अन्सारी तथा कल्याण रत्न कार्की निर्माता रहेका छन्, भने चेतन घिमिरे र सावर अधिकारी सह निर्माताको रुपमा रहेका छन्। दानराज चौलागाईं, सुनिता दाहाल, सोनाली ताम्राकार, करुणा श्रेष्ठ, रबिनश्री, गंगा कुँवर, रबि खड्का, सागर गुरु चौलागाईं, तृष्णा खड्का, रमेश डिसी, शत्रुघन अन्सारी, कल्याण रत्न कार्की, मुना कुँवर राणा लगायतको फिल्ममा अभिनय रहनेछ।

फिल्ममा सफलता चौलागाईं तथा स्वस्तिक चौलागाईं बालकलाकरको रुपमा प्रस्तुत हुनेछन्। कृष्ण पाण्डेको छायाँकन, देव महर्जनको द्वन्द निर्देशन रहने फिल्म विश्वास भण्डारीले यसलाई सम्पादन गर्नेछन्। कोरोनाको कहरका कारण सरकारले फिल्म खोल्न बाँकी रहे पनि फिल्मी गतिबिधि भने बिस्तारै हुन थालेका छन्। लकडाउन पछि फिल्मको औपचारीक कार्यक्रम आयोजना भएको यो पहिलो हो।

## 'गुञ्जन सक्सेना: द करगिल गर्ल'को ट्रेलर सार्वजनिक

**भारत/एजेन्सी-** स्व. श्रीदेवीकी छोरी जाह्नवी कपूर अभिनीत दोस्रो फिल्म 'गुञ्जन सक्सेना : द करगिल गर्ल'को ट्रेलर शनिबार सार्वजनिक भएको छ। ट्रेलरमा जाह्नवी कपूरको अभिनय जबरजस्त देखिएको छ। उनले भारतीय वायुसेनाको फ्लाइंग अफिसरको भूमिकामा आफूलाई जीवन्त रुपमा उतारेकी छन्। ट्रेलरमा करगिल युद्धको पनि केही झलक देखाइएको छ। गुञ्जन सक्सेना वायुसेनामा आएपछि हुने ठूला(ठूला परिवर्तनलाई ट्रेलरमा आकर्षक तरिकाले प्रस्तुत गरिएको छ। यो फिल्म १२ अगस्टमा नेटफ्लिक्समा रिलिज हुँदैछ। फिल्म 'गुञ्जन सक्सेना: द कारगिल गर्ल' लाई शरण शर्माले निर्देशन गरेका हुन्। जी स्टूडियो र धर्मा प्रोडक्सनले निर्माण गरेको यो फिल्ममा जाह्नवीका अलावा पंकज त्रिपाठीको पनि महत्त्वपूर्ण भूमिका छ। यो फिल्म इन्डियन एयरफोर्स पाइलट गुञ्जन सक्सेनाको बायोपिक हो। यो फिल्मका लागि जाह्नवीले लुक्स परिवर्तनमा निकै मेहेनत गरेकी थिइन् भने ८ केजी तौल घटाएकी थिइन्।

## नेपाली कविताको प्रादेशिक इतिहास तयार पारिने



**काठमाडौं/मस-** नेपाल प्रज्ञा-प्रतिष्ठानले 'नेपाली कविताको प्रादेशिक इतिहास' तयार पार्ने भएको छ। प्रज्ञा-प्रतिष्ठानको साहित्य (पद्यरकाव्य) विभागबाट यो इतिहास तयार पार्न लागिएको हो। विभागका प्रमुख प्राज्ञ प्रा डा हेमनाथ पौडेलले देशका सातवटा प्रदेशका नेपाली कविताको प्रादेशिक इतिहास लेखनको कार्य आरम्भ भइसकेको बताए।

पौडेलका अनुसार नेपाली कविताको प्रादेशिक इतिहास लेखनका लागि प्रदेश नं १ का लागि प्रा डा भोलानाथ पोखरेल, दुईका लागि तोयाराज घिमिरे, वाग्मती प्रदेशका लागि डा गीता त्रिपाठी, गण्डकी प्रदेशका लागि प्रा डा यदुनाथ ढकाल छन्।

त्यस्तै प्रदेश ५ का लागि डा विन्दु शर्मा, कर्णाली प्रदेशका लागि प्रा जगतप्रसाद उपाध्याय र सुदूरपश्चिम प्रदेशका लागि श्यामसुन्दर ढकाल र बद्रीप्रसाद बिनाडीलाई जिम्मेवारी प्रदान गरिएको छ। 'प्रादेशिक इतिहास तयार भएपछि प्रज्ञा-प्रतिष्ठानको केन्द्रीय योजनाअन्तर्गत नेपाली कविताको इतिहास लेखन कार्यको थालनी गरिने छ,' प्राज्ञ प्रा डा पौडेलले भने।

## सरलाको 'डुमेरो' सार्वजनिक

**काठमाडौं/मस-** सरला गौतमको उपन्यास 'डुमेरो' सार्वजनिक भएको छ। यो उपन्यासले सानो सहरमा हुर्किएकी एउटी किशोरीले ठूलो संसारमा प्रवेश गर्दैगर्दा पहिचान खोज्दाको कथालाई अंगालेको छ। पत्रकरिताबाट लेखनमा लागेकी गौतमले आफूलाई सामाजिक सरोकारमा मुखरित हुने आलोचनात्मक टिप्पणीकारको रुपमा स्थापित गरेकी छिन्। यो उपन्यास उनको पहिलो साहित्यिक कृति हो। गौतमको 'कृति' प्रकाशक नेपालयले सार्वजनिक गरेको हो।



शीर्षक 'डुमेरो' आफैंमा नौलो शब्द छ। कुनै गन्तब्य विहीन यात्रामा निस्किएको घुमन्ते अन्वेषकको अर्थ राख्ने यो शब्दले एकैसाथ अनेक प्रतीकात्मक अर्थ बोक्छ। 'यो शब्द सुन्नमा लयालु त छँदै छ,' गौतम भन्छिन्, 'तर यसको अर्थ गहन छ। महिलाको पहिचानलाई घरेलुपनले सधैं बन्धनमा पारेको हुन्छ। तर अब हामी इतिहासको मध्य मोडमा उभिएका छौं, जहाँ पुरुष र महिला लिंगको आधारमा मात्र परिभाषित हुने बेला छैन। अबको पुस्ताले अघिल्ला पुस्ताजस्तो किटान गरेर आफ्नो गन्तब्य तय गर्न सक्तैन। हाम्रा चुनौती अमुर्त छन्, संघर्ष नौला छन्। यस्तै चुनौती र संघर्षमा जेलिएको एक आम पात्रको कथा हो डुमेरो।'

पुस्तकको शैलीको बारेमा बोल्दै नेपालयकी भूषिता वशिष्ठ भन्छिन्, 'गौतमले वकालत गर्ने भाषाको गैरराजनीति धारणा उनको पुस्तकमा पनि देखिएको छ। उनले पात्रहरूका सशक्तिकरण, पहिचान र बदलिदो सम्बन्धहरूका गुत्थालाई क्लिष्ट वा प्राविधिक पदावली नराखी सरल र चलनचल्तीको भाषामा उधिन्छिन। यो पुस्तकले नेपालयको आख्यान प्रकाशनमा विविधता अंगाल्ने प्रतिबद्धतालाई पनि उजागर गरेको छ।'

लकडाउनकै समयमा बजारमा ल्याएको पहिलो कृति 'परित्यक्ता'ले बन्दाबन्दीका बाबजूद तुलनात्मक रुपमा निकै राम्रो बजार लिएकोले यो कृतिले पनि राम्रो बजार पाउनेमा आशावादी रहेको नेपालयकी सैजन मास्के बताउँछिन्।

नेपाली बजारको लागि 'डुमेरो' को मूल्य ४९५ रुपैयाँ निर्धारण गरिएको छ, जुन देशका प्रमुख पुस्तक पसलहरूमा उपलब्ध हुनेछ। यसको ई-बुक प्रतिलिपि भने थुप्रै डट कम किन्न सकिन्छ साथै यो पुस्तक अनलाइन बिक्रेता अमेजनमार्फत् विश्वव्यापी रूपमा पनि उपलब्ध हुनेछ।

# फुटबल कप्तान चेम्जोङ अर्थोप्लास्टको सद्भावनादूत

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ साउन

ललितपुरको ग्वार्कोमा रहेको अर्थोप्लास्ट रिह्याब सेन्टरले नेपाली फुटबल टिमका कप्तान किरण चेम्जोङलाई एक वर्षका लागि सद्भावना दूत नियुक्त गरेको छ । ८ वर्षदेखि प्यारालाईसिस तथा हाड जोर्नी र नशा सम्बन्धी फिजियोथेरापी, नर्सिङ, स्पिचथेरापी र कृत्रिम अंग प्रत्यारोपण गर्दै आएको अर्थो प्लास्टले पछिल्लो २ वर्षदेखि विभिन्न खेल विधाका खेलाडीहरुसँग पनि काम गर्दै आएको छ ।

खेलाडी र अरुलाई सँगै राखेर सेवा दिँदै आएको सेन्टरले भदौ एक गतेदेखि 'स्पोर्टस इन्जुरी रिकभरी सेन्टर' शुरु गर्ने लक्ष्य लिएको छ । त्यसका लागि स्थान लगाएतका हरेक कुराहरु टुंगोमा पुगसकेको र भदौ १ गतेदेखि काम शुरुहुने र दशैं अघि सेवा प्रदान गर्ने लक्ष्य पनि लिइएको छ ।

नेपाली फुटबल टिमका कप्तान चेम्जोङलाई सद्भावना दूतका रुपमा भित्र्याउँदा उत्साहित भएको संस्थाका अध्यक्ष हरिकुमार तामाङले जानकारी दिए।

कार्यक्रममा एन्फाका उपाध्यक्ष




उपेन्द्रमान सिंहले अर्थोप्लास्टसँग मिलेर आफूहरुले काम गर्ने बताए । विगतमा आफू खेलाडीहुँदा इन्जुरी भए करियर नै सकिने अवस्था रहेको र अहिले यस्ता संस्थाहरु मार्फत खेलाडीहरुले पुनरजीवन पाएर खेलमा फर्कन पाएको भन्दै आभार पनि व्यक्त गरे ।

के.एम.सीका प्रोफेसर डा. राजीब राज मानन्धरले खेलाडीहरुको सबैभन्दा ठूलो शत्रु इन्ज्योरी रहेकाले उनीहरुलाई समयमै उपाचार दिन सकियो भने खेलाडी र समग्र नेपालले नै फाइदा लिनसक्ने विश्वास व्यक्त गरे ।

नेपाल फिजियो थेरापी संघका अध्यक्ष लक्ष्मण अधिकारीले अर्थोप्लास्टले खेलाडीलाई मात्रै नभई अरुलाई पनि विश्वसनीय सेवा दिएकोमा धन्यवाद दिएका थिए ।

अर्थोप्लास्टका निर्देशक समिद कलिला श्रेष्ठले खेलकूद क्षेत्रमा पनि केही योगदान गर्न सकिन्छकी भनेर यस तर्फ आफूहरु केन्द्रीत हुन लागेको जानकारी दए । अर्थोप्लास्टका स्पोर्टस थेरापिस्ट सुरज भुसालले विगतमा आफूले नेपाली फुटबल टिमसँग गरेको कामका आधारमा आवश्यकता महशुस गरेर यो संस्था शुरु गरेको बताए ।

फुटबल टिमका कप्तान चेम्जोङले सद्भावना दूत भएवापत अर्थोप्लास्टबाट २ लाख बराबरको सेवा पाउने छन् भने उनलाई ल्याबमा ५० प्रशितक छुट पनि दिइने छ । यसैगरी अन्य विधाका अन्तर्राष्ट्रिय खेलाडीलाई ४० प्रतिशत र अरु राष्ट्रिय खेलाडीलाई ३० प्रतिशत छुट दिने पनि जानकारी दिइएको छ ।

सद्भावना दूत भएका चेम्जोङले अर्थोप्लास्टसँग जोडिन पाउँदा खुशी लागेको बताउँदै आगामी दिनमा अझ सेवा विस्तारमा आफ्नो पनि योगदान रहेन प्रतिबद्धता जनाए । अर्थोप्लास्टमा अहिले पनि विभिन्न खेलाडीहरुले त्यहाँ गएर फिजियोथेरापी गर्ने गरेका छन् ।

# बक्सिङ संघमा महासचिव भट्टाचार्यको असन्तुष्टि





**काठमाडौं, मस**–नेपाल बक्सिङ संघका महासचिव सविन भट्टाचार्यले संघको कार्यसमिति बैठकमा आफूलाई दुर्व्यवहार भएको बताएका छन् । महासचिव भट्टाचार्यले शनिबार विज्ञप्ति जारी गर्दै शुक्रबार बसेको कार्यसमिति बैठकमा आफूलाई दुर्व्यवहार भएको बताएका हुन् । बैठकमा आफुले फरक मत राख्दा संघका सदस्य दिपक महर्जनले आफुलाई अभद्र व्यवहार गरेको भट्टाचार्यले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

कार्यसमितिका पदाधिकारीको न्यून उपस्थिति रहेको कारण थप छलफल गर्नु पर्ने विषय बहुमतको आधारमा लैजान खोजिएपछि आफूले फरक मत राखेको कारण महर्जनले दुर्व्यबहार गरेको भट्टाचार्यले विज्ञप्तिमा उल्लेख गरेका छन् ।


उनले आफूलाई दुर्व्यबहार हुँदा संघका अध्यक्ष राम अवालेले कुनैपनि प्रतिक्रिया नजनाएपछि आफुले विज्ञप्ति निकाल्न बाध्य भएको उल्लेख गरे ।

कोरोनाको कारण लामो समयपछि बक्सिङ संघले बिहीबार केन्द्रीय कार्यसमिति बैठक बोलाएको थियो । बैठक शुक्रबारसम्म चलेको थियो

राखेपको नयाँ खेलकुद विकास ऐन समेत दिपकले नमानेको महासचिव भट्टाचार्यको आरोप छ । महासचिव भट्टाचार्यले संघमा आर्थिक अनियमितता हुँदै आएको आरोप समेत लगाएका छन् । उनले 'लामो समयदेखि नै संघमा आर्थिक अनियमितता हुँदै आएको छ । निर्वाचित कोषाध्यक्षबाट कोष परिचालन नगरी मनोमानी ढंगले विधानको मर्म विपरीत कोष सञ्चालन हुँदै आएको पनि यस विज्ञप्तिमार्फत जानकारी गराउँछु,' विज्ञप्तिमा भनिएको छ ।

यस्तै महासचिव भट्टाचार्यले संघ एकलौटी र तानाशाही ढंगबाट चल्दै आएको समेत बताए । उनले वर्तमान कार्यसमिति निर्वाचित भएर आएको चार वर्षको अवधिमा कुनै पनि साधारणसभा नगरेको र आर्थिक प्रतिवेदन समेत पास नभएको समेत बताए ।

# अनलाइन स्विमिङ लेभल वान कोर्स सुरु




**काठमाडौं, मस**– नेपाल ट्राईयाथलन संघको आयोजना तथा वर्ल्ड कोचेज एकेडेमीको सहयोगमा अनलाईन स्विमिङ्ग लेभल १ कोचिङ्ग कोर्स शनिबारबाट शुरु भएको छ ।

प्रशिक्षकहरुमा बैज्ञानिक प्रशिक्षण विधी र पौडी सम्वन्धि प्राविधिक ज्ञान प्रदान गर्दै पौडी खेलाडीहरुमा प्रभावकारी ज्ञान प्रदान गर्ने उद्धेश्यले कोर्स संचालन गरिएको नेपाल ट्राईयाथलन संघले जनाएको छ । कोर्सले प्रशिक्षकहरुमा प्रशिक्षण सम्वन्धि उच्च ज्ञान प्रदान गर्नुका साथै प्रशिक्षको भूमिका र उत्तरदायित्व, प्रशिक्षण प्रणाली र खेल सम्वन्धि बिशेष ज्ञान प्रदान गर्नेछ । प्रशिक्षकहरुले प्राप्त गरेका यस प्रकारको ज्ञानले नयाँ खेलाडी उत्पादनमा ठुलो सहयोग पुग्नुका साथै भईरहेका खेलाडीहरुको स्तर बृद्धि गर्न समेत ठुलो सहयोग पुग्ने संघको बिश्वास रहेको छ ।

आईतबारसम्म चल्ने कोर्समा ट्राईयाथलन र पौडी संग सम्वन्धित २५ प्रशिक्षकहरुले विहान ८ बजे देखि अपरान्ह ४ बजे सम्म अनलाइन कोर्समा सहभागिता जनाइरहेका छन् । नेपालमा पौडी सम्वन्धि प्राविधिक ज्ञान प्रदान गर्न अनलाईन मार्फत प्रशिक्षण प्रदान गर्न लागेको यो पहिलो पटक हो ।

प्रशिक्षार्थीहरुलाई वर्ल्ड कोचेज एकेडेमीका संस्थापक निर्देशक एवं प्रशिक्षक युगिन लिले अनलाईन मार्फत प्रशिक्षण प्रदान गरिरहेका छन् । वर्ल्ड कोचेज एकेडेमीले चिन, हङ्कङ्ग, मलेसिया, ईन्डोनेसिया, सिंगापुर र भारतमा सफलतापूर्वक कोर्स संचालन गरिसकेको छ । 'ट्राईयाथलनको नेतृत्व हाम्रो हातमा आएको छोटो समयमानै यस खेलले विभिन्न अन्तराष्ट्रिय स्तरका खेलमा पदक हात पार्नुका साथै दक्षिण एशियाली खेलकुदमा पहिलो पटकको सहभागितामानै रजत र कास्य पदक प्राप्त गर्दै दोश्रो सहभागिता १३ औं दक्षिण एशियाली खेलकुदमा दुई स्वर्ण, तीन रजत र एक कास्य जित्न सफल भएका छौ । नेपाल सुहाँउदो यस खेललाई नेपालमा आकर्षित गर्दै खेलकुद पर्यटनको रुपमा विकास गर्ने र नेपालमानै दक्षिण एशियाको ट्राईयाथलन एकेडेमी निर्माण गर्ने उद्धेश्य संघको रहेको छ' अध्यक्ष निलेन्द्र राज श्रेष्ठको भनाई छ ।

छोटो समयमानै अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक हात पार्दै राष्ट्रको नाम उच्च राख्न सफल यस खेललाई अझ मजुवत बनाउँदै कोरोनका कारण खेल गतिविधीबाट टाढा रहेको प्रशिक्षकहरुको स्तर बृद्धि गर्न यस कोर्सले निकै ठुलो मद्धत पुग्ने छ - ट्राईयाथलनका प्रमुख प्रशिक्षक समेत रहेका महासचिव युवराज सुनुवारको भनाई छ । सुनुवार पौडीका पूर्व प्रमुख प्रशिक्षक समेत हुन् । ट्राईयाथलन पौडी, साईक्लिङ्ग र दौडको मिश्रीत खेल हो ।

कोर्सबाट पौडी सम्वन्धि नयाँ ज्ञान प्राप्त भएको र लामो दूरीको पौडी प्रशिक्षणले आगामी दिनमा पौडी खेलाडीहरुको स्तर बृद्धि गर्न मद्धत पुग्ने र नयाँ खेलाडीहरु उत्पादनमा निकैनै ठूलो कोशे ढुङ्गा सावित हुने प्रशिक्षणमा सहभागी प्रशिक्षकहरुको भनाई छ ।

# दर्शक प्रवेश गराउने योजना २ साता सऱ्यो



**लण्डन, एजेन्सी**– इंग्ल्याण्डका प्रधानमन्त्री बोरीस जोनसनले रंगशालामा दर्शक प्रवेश गराउने योजना दुई साता पर सारेका छन् ।

अगष्ट एक तारिखबाट बेलायतमा खेल हेर्नका लागि दर्शकको उपस्थिति गराउने योजना थियो । तर कोरोनाको महामारी अझैंपनि कायम रहेको भन्दै जोनसनले तत्कालका लागि यो योजना दुई साताका लागि स्थगित गरेका हुन् ।

दर्शकको उपस्थितिका लागि ओभर मैदानमा सरे र मिडिलसेक्स क्रिकेट क्लवबीच मैत्रीपुर्ण खेल गराएर परीक्षण गरिएको थियो । जसमा २५ हजार दर्शक क्षमताको स्टेडियममा एक हजार दर्शकलाई प्रवेश गराइएको थियो । यस्तै शुक्रबार सेफिल्डमा भएको विश्व स्नुकर च्याम्पियनसिपमा पनि दर्शकको उपस्थिति गराइएको थियो । तर अब दर्शकको उपस्थितीलाई दुई सातासम्म बन्द गरिने भएको छ । कोरोना संक्रमण बढ्ने खतरा अझै बाँकी रहेको र त्यसलाई निर्मूल गरेर मात्र दर्शकलाई रंगशालामा प्रवेश गराउनुपर्ने देखिएको जोनसनले बताए ।

कुनैपनि विवाह हुँदा ३० जनालाई मात्र सहभागिता हुन पाउने नियम बेलायतले बनाएको छ । सरकारको यो नयाँ नियमपछि इंग्ल्याण्ड र आयरल्याण्डबीच जारी एकदिवसिय सिरीज पनि खालि रंगशालामा भइरहेको छ ।

## 'आईपीएलमा ३५ प्रतिशत दर्शकलाई प्रवेश गराइने'



**दुवई, एजेन्सी**– इमिरेट्स क्रिकेट बोर्डले इन्डियन प्रिमियर लिग (आईपीएल)का बेला स्टेडियममा ३० देखि ३५ प्रतिशत दर्शक मैदान प्रवेश गराउने योजना बनाएको छ ।

स्टेडियमको कुल क्षमताको ३५ प्रतिशतसम्म दर्शकलाई प्रवेश गराउने योजना रहेको इमिरेट्स क्रिकेट बोर्डले बताएको छ । तर यसका लागि यूएईको सरकारले अनुमति दिनुपर्नेछ ।

खेलका बेला दर्शकलाई प्रवेश गराउने जिम्मा यूएई सरकारको रहेको आइपीएलका प्रमुख ब्रिजेश पटेलले बताएका छन् । सेप्टेम्बर १९ देखि नोभेम्बर ८ तारिखसम्म तय भएको आइपीएललाई यूएईमा गर्नका लागि बीसीसीआई भारत सरकारको स्विकृति कुरिरहेको छ ।

यस्तै यूएई क्रिकेट बोर्डले पनि भारतीय सरकारको निर्णयलाई पर्खिरहेको जनाएको छ । यूएई क्रिकेट बोर्डले भारतीय सरकारको स्विकृति आएपछि आफूहरु दर्शक प्रवेशका लागि सरकारसँग पहल सुरु गर्ने बताएको छ ।

# सञ्जयले माञ्जेकरले माफी मागे




**काठमाडौं, एजेन्सी**-भारतीय क्रिकेट बोर्ड बीसीसीआईले आफ्नो कमेन्ट्री प्यानलबाट हटाएका सञ्जय मान्जेकरले माफि मागेका छन् । उनले बीसीसीआईलाई इमेल गर्दै आफु फेरी पनि त्यो प्यानलमा बस्न चाहेको र यसअघि केहि गल्ति भएमा माफि दिन अनुरोध गरेका छन् ।

उनले दुई वटा इमेल लेख्दै आफुले कसैलाई हानी हुने गरि गल्ति गरेमा र कसैलाई चोट पुर्याएको भए क्षमा चाहेको बताएका छन् । गत मार्चमा बीसीसीआईले उनलाई कमेन्ट्री प्यानलबाट हटाएको थियो । त्यो बेला उनले प्रोफेसनल हिसावले त्यसलाई स्विकारेका थिए ।

तर अहिले उनले इमेल लेखेर बीसीसीआईको त्यो निर्णयले निकै कठिन भएको र आफु आश्चार्यमा परेको बताएका छ । उनले बीसीसीआईसँग आफुलाई राख्ने नराख्ने पुर्ण अधिकार भएको तर पनि एक पटकलाई आफुलाई त्यो प्यानलमा राख्न भनेर अनुरोध गरेका छन् ।

बीसीसीआईले उनलाई हटाउनुको कारण रविन्द्र जडेजाका विषयमा बोलेका कारणले भएको अनुमान गरिएको छ । उनले जडेजाका बारेमा एक एजेन्सीसँगको अन्तरवार्तामा नराम्रो बोलेको बताइएको छ ।

## आईपीएलका लागि चेन्नाईले युएईमा अभ्यास गर्ने !



चेन्नाई सुपर किंग्सले चाँडै नै आईपीएलका लागि अभ्यास शुरु गर्ने योजना बनाएको छ । कोरोना भाइरसको महामारीका कारण भारतमा आईपीएल हुन नसक्ने र यो संस्करणको आईपीएल युएईमा गर्ने बीसीसीआईले निर्णय गरिसकेको छ । तर, भारत सरकारले यसलाई स्वीकृति भने दिइसकेको छैन । आईपीएल आयोजनका लागि भारत सरकारको निर्णय कुरि रहे पनि टिमले भने अब अभ्यासको तालिका र योजना बनाउन थालेका छन् । यस्तोमा चेन्नाई सुपरकिंग्सले यसै महिनाको शुरुमै अभ्यासका लागि क्लोज क्याम्प शुरु गर्ने योजना बनाएको हो । चेन्नाईले युएईमा क्याम्प राख्ने योजना पनि बनाएको जनाइएको छ । चेन्नाईका खेलाडीहरु जुटेपछि चार्टड उडानमार्फत युएई जाने बताइएको छ । यसका लागि आईपीएल आयोजकको बैठक पछि तय हुने छ । बैठक आइतबारका लागि डाकिएको छ । बैठकले प्रतियोगिताका लागि लजिस्टिक्स लगाएतका विषयमा निर्णय गर्ने बताइएको छ ।

महेन्द्र सिंह धोनीको कप्तानीमा रहेको चेन्नाई आईपीएलको सफल टिम पनि हो । अहिलेसम्म तीन पटक उपाधि जितिसकेको छ । चेन्नाईले मार्चमा शुरु गर्ने तयारी गरिएका बेला पनि अभ्यास शुरु गरिसकेको थियो । तर, कोरोना भाइरसको महामारी बढेपछि भारत सरकाले लकडाउन गर्दा प्रतियोगिता र अभ्यास पनि स्थगित भएको थियो । आईपीएल १९ सेप्टेम्बर देखि १० नोभेम्बरसम्म आयोजना गर्ने प्रारम्भिक मिति तय गरिएको छ । यो मितिबारे आधिकारीक निर्णय भने भएको छैन ।

# तेक्वान्दो युनियन छोडेर संघमा प्रवेश



**काठमाडौं, मस**–राष्ट्रिय तेक्वान्दो संघ (यूनियन)का द्वारिका खयरमली, कृष्ण सिह कपाली लगायतका पदाधिकारीहरु यूनियन छोडी नेपाल तेक्वान्दो संघमा प्रवेश गरेका छन् ।

नवप्रवेशीकाहरुलाई नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाश शम्सेर राणा, तथा सघंका पदाधिकारीहरुले स्वागत गरेका छन् । उक्त अवसरमा नेपाल तेक्वान्दो संघका महासचिव दिपराज गुरुङले नेपालमा तेक्वान्दो खेल विकाशमा नवप्रवेशीहरुले महत्वपूण भूमिका निर्वाह गर्ने बताए ।

यस्तै, नेपाल तेक्वान्दो संघका अध्यक्ष राणाले बाटो बिरायर लाग्ने सम्पूर्ण तेक्वान्दो प्रेमीहरुलाई नेपाल तेक्वान्दो संघमा गोलबद्ध हुन आह्वान गरे ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

(तेस्रो पटक प्रकाशित मिति २०७७/०४/१८)

यस कम्पनीको मिति २०७७/०२/३२ मा सम्पन्न विशेष वार्षिक साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनीको नाम **रेखाङ्कन इन्जिनियरिङ्ग प्रा.लि. (प्रा.लि. नं. १८६१४८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०४/०७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रेखाङ्कन बिल्डर्स प्रा.लि. (प्रा.लि. नं. १८६१४८)** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

# काठमाडौं महानगरले सिसडोलका विद्यार्थीलाई छात्रावृत्ति दिने

शर्मिला पाठक/रासस
काठमाडौं, १७ साउन




काठमाडौं उपत्यकका १८ स्थानीय तहको फोहर व्यवस्थापन हुँदै आएका नुवाकोट सिसडोलका प्रभावित विद्यार्थीका लागि छात्रावृत्ति प्रदान गर्न महानगरले रु ५० लाख छुट्याइएको छ। सिसडोलमा लामो समयसम्म फोहर थुपारिँदा प्रत्यक्ष्य रुपमा पीडित विद्यार्थीका लागि छात्रवृत्ति दिने कामपाले जनाएको छ। विगत वर्षमा राहत कोषमार्फत सहयोग गर्दै आएको कामपाले यस वर्षदेखि रु ५० लाखको वार्षिक बजेटमा नै समावेश गरेको छ। यस वर्षदेखि पीडित परिवारका पढ्न चाहने विद्यार्थीलाई कामपाले काठमाडौंमा नै ल्याएर पठनपाठनको व्यवस्था गर्नेछ।

यसरी प्रभावित स्थानबाट ल्याइएका बालबालिकालाई विद्यालयस्तर सम्मको शिक्षा पूरा गरिदिने कामपाको नीति रहेको छ। यसरी छात्रावृत्ति प्राप्त गर्ने विद्यार्थीमा सिसडोलमा थुपारिएका फोहर सङ्कलन गर्न जाँदा ज्यान गुमाएका अभिभावकका छोराछोरी तथा फोहर बोकेर गएको गाडीको दुर्घटनामा परी ज्यान गुमाउनेको छोराछोरी रहने छन्। कामपा वातावरण व्यवस्थापन विभागका प्रमुख कपरकुमार श्रेष्ठका अनुसार यसअघिका वर्षमा राहत कोषमार्फत अध्ययन गर्नेहरुमा दुई जना छन्।

हरेक वर्ष पानी पर्न थालेपछि काठमाडौं महानगरपालिकालाई फोहर व्यवस्थापन गर्न थप समस्या हुने गरेका भए पनि अहिले नियमित फोहर व्यवस्थापन भएको दाबी छ। केही स्थानमा फोहर उठेको छैन भन्ने जनगुनासो आएपनि सबै स्थानमा फोहर उठेको कामपाको भनाइ छ। "अन्य समयमा भन्दा वर्षादको समयको फोहर बढी उत्पादन हुने र समयसमयमा बाटो बिग्रने हुँदा कहिलेकाहीँ समस्या आए पनि अहिले समस्या छैन", वातारण विभागका प्रमुख श्रेष्ठको भनाइ छ।

यदि कही फोहर नउठेको भए कामपाको हटलाइन नं ११९८ मा फोन गर्न पनि विभागले आग्रह गरेको छ। समस्या फोहर लानका लागि मात्रै होइन व्यवस्थापनको पनि उत्तिकै छ। हाल फोहर व्यवस्थापन गरिरहेको स्थान सिसडोल भरिसकेकाले त्यस स्थानभन्दा केही तल फोहर विसर्जन हुँदै आएको छ।

सिसडोलभन्दा दुई किलोमिटर पर एक हजार ७०० रोपनी जग्गा अधिग्रहण गरिसकेको भए पनि निर्माणको काम अघि बढ्न सकेको छैन। उक्त स्थान निर्माणका लागि करीब रु तीन अर्ब रकम र कम्तीमा दुई वर्षको समय लाग्ने अनुमान गरिएको छ। यही असारदेखि फोहर कार्य शुरु गर्ने भने पनि कोरोना सङ्क्रमणको कारण भएको बन्दाबन्दीले गर्दा निर्माणको धेरै काम अझै बाँकी छ। लामो समयदेखि काम अघि नबढेपछि प्रत्येक वर्ष वर्षातको समयमा फोहर विसर्जन कार्य समयास्याको विषय बन्दै आएको छ। उपत्यकाबाट दैनिक एक हजार २०० मेट्रिक टन फोहर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ। जसमा सबैभन्दा बढी कामपाबाट ५०० मेट्रिक टन फोहर लगिने गरिएको छ।

हरेक दिन उपत्यकाबाट निजी र कामपाको गरी २०० गाडी फोहर लगिने गरिएको छ। वर्षाको समय आएपछि बाटो पहिराले पुर्ने र खाल्टो पर्ने हुँदा लामो समयसम्म पनि फोहर उपत्यकामा नै रहने समस्या कुनै नौलो भने होइन। उपत्यकाको अठार स्थानीय तहबाहेक नुवाकोटको ककनी गाउँपालिका र धादिङ जिल्लाको धुनिबेंसी नगर क्षेत्रको फोहर पनि ल्यान्डफिल साइटमा आउने गरेको छ।

# पशुपति क्षेत्रमा गरिएको अतिक्रमण स्वीकार्य छैन : पर्यटनमन्त्री



**काठमाडौं/मस**-संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले व्यक्तिगत र व्यापारिक स्वार्थमा पशुपतिमाथि भइरहेको मानव अतिक्रमणलाई स्वीकार नगरिने बताएका छन्। पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको गोठाटारस्थित जग्गाका सम्बन्धमा पछिल्लो पटक उठिरहेको सवालका सन्दर्भमा आफ्नो धारणा सार्वजनिक गर्दै उनले पशुपति क्षेत्रको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक पक्षको संरक्षण र संवर्द्धन गरिने बताए।

कोषका अध्यक्षसमेत रहनुभएका मन्त्री भट्टराईले स्थानीय जात्रा र पर्वको जगेर्ना गर्दै पशुपति क्षेत्रको सम्पत्तिमाथि भइरहेको अतिक्रमणलाई रोक्ने बताए। अतिक्रमणको चपेटामा परेको कोषको जग्गाका सम्बन्धमा उनले भने, "पशुपतिको सम्पति माथिको अतिक्रमण रोक्न गुरुयोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।"

कोषको उक्त जग्गा विगतमा विभिन्न मुद्दा मामिला झेल्दै आएको तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि निगरानी गरेको छ। पछिल्लो पटक अख्तियारले पशुपतिको बृहत्तर हितमा रहने गरी पारदर्शी र प्रतिस्पर्धी ढङ्गले उपयोग गर्न कोषलाई लिखित निर्देशन दिएको छ। सोही निर्णयका आधारमा पारदर्शी कार्यविधि बनाएर जग्गाको माटो र बालुवा व्यवस्थापन गरी दैनिक चोरी निकासी रोक्नेगरी काम अघि बढाइने पर्यटनमन्त्री भट्टराईले बताए।

पर्यटनमन्त्री भट्टराईले गुरुयोजनालाई अघि बढाउने सन्दर्भमा स्थानीयवासीको गुनासो पनि सम्बोधन गर्नेगरी त्यस क्षेत्रका जनप्रतिनिधि, प्रदेश तथा सङ्घका सांसद तथा राजनीतिक दलका प्रतिनिधिलाई राखेर प्रक्रिया अघि बढाइने उल्लेख गरे। कोषको जग्गासँग जोडिएका स्थानीयवासीको निजी सम्पत्ति भएमा पनि पशुपतिको मापदण्डभित्र रहेर घर वा सार्वजनिक संरचना बनाउँदा पशुपतिको सौन्दर्यता, पुरातात्विक महत्व र ऐतिहासिक सन्दर्भलाई असर नगर्ने गरी संरचना बनाइनुपर्ने पर्यटनमन्त्रीको भनाइ छ।

मन्त्री भट्टराईले शनिबारै सामाजिक सञ्चाज फेसबुकमा आफ्नो धारणा सार्वजनिक गर्दै कोषको जग्गा सम्बन्धमा सरकारले सबै सरोकारपक्षसँग छलफल गरेर सहमति बनाउने उल्लेख गरेका छन्। उनले भने, "पशुपति क्षेत्रको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक पक्षको संरक्षण र प्रवर्द्धन गरिनेछ। स्थानीय जात्रा र पर्वको जगेर्ना गरिनेछ। व्यक्तिगत र व्यापारिक स्वार्थमा पशुपतिमाथि भइरहेको मानव अतिक्रमणलाई भने स्वीकार गरिने छैन।" कोषले गोठाटारस्थित अतिक्रमणको चपेटामा परेको जग्गाको नयाँ गुरुयोजना बनाएर विभिन्न पूर्वाधार बनाउने योजना अघि सारेकामा स्थानीयवासीले विरोध गरेका छन्।

कोषको स्वामित्वमा काठमाडौंको गोठाटारमा रहेको ५३४ रोपनी जग्गा वर्षौंदेखि व्यक्ति/संस्थाले अतिक्रमण गरी घरटहरा निर्माण गरेपछि कोषले उक्त जग्गाको गुरुयोजनाका साथ पूर्वाधार विकास गर्ने योजना अघि बढाएको हो। उक्त जग्गामा एक सरकारी विद्यालय ३० भन्दा बढी टहरा बनाइएको छ। गुठीका नाममा मन्दिर, धर्मशाला निर्माण गरिएको छ। त्यहाँबाट दैनिक बालुवा चोरी निकासी हुने गरेको छ।

पर्यटनमन्त्री भट्टराईले हालै सो क्षेत्रको स्थालगत निरीक्षण गरी जग्गाको संरक्षणका र उपयोगी संरचना निर्माण गर्न कोषका पदाधिकारीलाई निर्देश्न दिनुभएको थियो। कोषले सो जग्गाको गुरुयोजना तयारी गरी स्वीकृतिका लागि पर्यटन मन्त्रालयमा पठाएको छ। गुरुयोजनअन्तर्गत जग्गामा गौशला निर्माण, अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रवर्द्धन केन्द्र, पशुपति अध्ययन केन्द्र-प्रतिष्ठान, अस्पतालसहित समावेश छ। मन्त्रिपरिषद्बाट पारित भएपछि मात्र कार्यान्वयनको चरणमा जानेछ।

# सहकारीलाई व्यवस्थित गरिनुपर्नेमा सरोकारवालाहरुको जोड




**काठमाडौं/मस**-सहकारी क्षेत्रका जानकारले सहकारी क्षेत्रलाई समयसापेक्ष व्यवस्थित गर्दै लगिनुपर्नेमा जोड दिएका छन्। सयपत्री बचत तथा ऋण सहकारी संस्था, पोखरा-११ रानीपौवाको ११औं स्थापना दिवसका अवसरमा शनिबार पोखरामा आयोजित खुला रक्तदान कार्यक्रमका वक्ताहरूले सहकारीका कार्यक्रमलाई व्यवस्थित गर्दै सदस्यहरुको कल्याणका लागि केन्द्रित हुनेपर्ने बताएका हुन्। गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सहकारी विकास महाशाखा प्रमुख प्रेमप्रसाद ढकालले सहकारीसँग लाखौं सर्वसाधारणको भविष्य जोडिएको बताए। उनले सहकारी क्षेत्रको प्रभावकारिता अभिवृद्धिका लागि विद्यमान ऐननियमलाई समयसापेक्ष संशोधन गर्दै लैजानुपर्ने बताए। प्रदेश मन्त्रालयले जनअपेक्षाअनुरुप सहकारीलाई व्यवस्थित र परिमार्जित गर्दै लैजाने तयारी गरेको उनका भनाइ छ।


सहकारीका कार्यवाहक अध्यक्ष भीमप्रसाद न्यौपानेले नियामक निकायको निर्देशनलाई आत्मसात् गर्दै सहकारी अघि बढिरहेको बताए। समाजिक उत्तरदायित्वअन्तर्गत रक्तदान जस्ता कार्यक्रमलाई सहकारीले निरन्तरता दिएको उनले बताए। सहकारीका कोषाध्यक्ष धर्मप्रसाद बास्तोलाले सहकारीको रु १२ करोड ३९ लाख ४६ हजार ५०० शेयर पूँजी रहेको जानकारी गराउँदै रु एक अर्ब सात करोड ६६ लाख ६१ हजार निक्षेप रहेको बताए। उनले रु १७ करोड ३२ लाख तरल पूँजी रहेको उल्लेख गर्दै रु एक अर्ब १२ करोड ३७ लाख कर्जा लगानी रहेको बताए। सहकारीमा आठ करोड नौ लाख १८ हजार जगेडा रकम तथा अन्य कोष रहेको र यस आर्थिक वर्षमा रु पाँच करोड २७ लाख ९९ हजार खुद मुनाफा रहेको कार्यक्रममा जानकारी गराइयो।

कार्यक्रममा पोखरा-१२ का अध्यक्ष रामबहादुर कार्की, सहकारीका सल्लाहकार माधवप्रसाद बास्तोला 'मधु', काहुँ देउराली सहकारी संस्थाका अध्यक्ष बोधराज घिमिरे, नेपाल रेडक्रस सोसाइटी क्षेत्रीय रक्तसञ्चार सेवा केन्द्रका प्रमुख अर्जुन ज्ञवाली लगायतले सहकारीले समाजिक जीवनमा पारेको सकारात्मक प्रभाव एवम् रक्तदानको महत्व लगायतमा आ-आफ्ना धारणा राखेका थिए।

# 'ईसुजु भीक्रस'को नयाँ संस्करण नेपाली बजारमा

**काठमाडौं/मस**-नेपालका लागि इसुजु गाडीको अधिकृत बिक्रेता कन्टिनेन्ट ट्रेडिङ इन्टरप्राइजेज प्रालिले भी-क्रसको परिष्कृत संस्करण नेपाली बजारमा सार्वजनिक गरेको छ। नेपालभरका इसुजु डिलरबाट यो गाडी बुकिङ गर्न सकिने कम्पनीले जनाएको छ। ७० लाख ९० हजार रुपैयाँ मूल्य तोकिएको तथा २० वटा नयाँ फिचर थपिएको उक्त गाडीको बुकिङ खुलेको छ। ४-सिलिन्डर, कमन रेल, भिजिएस टर्बो इन्टरकुल्ड, २।५ लिटर डिजेल इन्जिनबाट सज्जित इसुजु भी-क्रसको परिष्कृत संस्करणको इन्जिनले १३४ एचपी र ३२० एनएम टर्क प्रदान गर्छ। पाँच स्पिड म्यानुअल गेरबक्स रहेको यो गाडीमा फोरह्विल ड्राइभ ९सिफ्ट-अन-फ्लाई० मोड पनि उपलब्ध छ। इसुज गाडीहरु कम समस्या आउनेको अग्रपंक्तिमा पर्छन्। कम्पनीले ग्राहकलाई बिक्रीपछि प्रभावकारी सेवा र पार्टपुर्जा उपलब्ध गराउन देशभरका सहरी इलाकामा वितरण तथा सर्भिस नेटवर्क विस्तार गरिसकेको र यसलाई अझै सुदृढ बढाउँदै लगिने जानकारी दिएको छ। २०१९ इसुजु भी-क्रसको नयाँ भर्सन अगाडिपट्टि नयाँ ग्रिल र नयाँ स्वरुपमा आएको छ, जसमा बी-एलइडी हेडल्याम्प र क्रोम बेजेल सहितको फग ल्याम्प छन्। पछाडिपट्टि एलइडी टेल ल्याम्प र अपग्रेडेड क्रोम बम्पर छ। बाहिरी विशेषतामा १८ इन्चको डायमन्ड कट अलो ह्विल, रुफ-रेल र सार्क फिन एन्टेना छ। यसका साइड स्टेपहरु पनि पुनः डिजाइन गरी परिष्कृत गरिएका छन्। नयाँ इसुजु भी-क्रस प्यासिभ इन्ट्री एन्ड स्टार्ट स्टप ९पिइएसएस० प्रणालीका साथ आएको छ। यो लाइफस्टाइल पिकअपको सुरक्षा विशेषतामा लचिलो र भार सीमित गर्ने सिटबेल्ट, गति संवेदनशील स्वचालित डोर लक, अगाडि सिटमा बस्ने व्यक्तिले सिट बेल्ट नबाँधेको खण्डमा सम्झाइदिने प्रणाली लगायत छन्। भारतको आन्ध्र प्रदेशमा रहेको इसुजु मोटर्स इन्डिया म्यानुफेक्चरिङ प्लान्टमा उत्पादित भी-क्रस सफायर ब्लु र सिल्की पर्ल ह्वाइट गरी थप दुई रङमा उपलब्ध छ। साबिकको रुबी रेड, टिटानियम सिल्भर, अब्सिडियन ग्रे, कस्मिक ब्ल्याक र स्प्लास ह्वाइट रङमा पनि यो गाडी उपलब्ध छ। कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालि दुई दशकभन्दा बढी समयदेखि नेपालमा विश्वविख्यात ब्रान्डका गाडी र हेभी उपकरणको कारोबारमा संलग्न छ। यसले कोमास्तु ब्रान्डको निर्माण र माइनिङ उपकरण, कियाको प्यासेन्जर भेइकल, ओटिस ब्रान्डको इलेभेटर, फुरुकावा ब्रान्डको ड्रिलिङ उपकरण, इसुजु ब्रान्डका गाडी लगायतको कारोबार गर्छ। विभिन्न उत्पादन कम्पनीहरुमा समेत लगानी गरेको कन्टिनेन्टल ग्रुप अन्तर्गत वित्त र हाउजिङ कम्पनी पनि छ। गुणस्तरीय वस्तु र सेवा प्रदान गर्ने लक्ष्य लिएको कन्टिनेन्टल ग्रुप अहिले नेपालको सुप्रसिद्ध व्यापारिक घरानामध्येको एक बनिसकेको छ।

# मकवानपुरका २१९ घरेलु उद्योग बन्द



**काठमाडौं/मस**- मकवानपुरमा विभिन्न स्थानमा सञ्चालनमा रहेका २१९ घरेलु तथा साना उद्योग बन्द भएका छन्। घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरका अनुसार आर्थिक वर्ष २०७६/७७ मा उक्त ती उद्योगको दर्ता खारेज भएको छ। हाल मकवानपुरमा खारेज गरिएका बाहेक आठ हजार ७५६ वटा उद्योग सञ्चालनमा रहेको कार्यालयका प्रमुख जगन्नाथ दाहालले जानकारी दिए। साथै गत आर्थिक वर्षमा मात्रै एक हजार १४४ उद्योग नवीकरण भएका छन्। त्यस्तै २१३ वटा उद्योग फर्मको नामसारी भएको छ। अघिल्लो आवभन्दा गत आवमा साझेदारी तथा निजी उद्योग दर्ता गर्ने सङ्ख्या घटेको छ। कार्यालय प्रमुख दाहालका अनुसार अघिल्लो आवमा एक हजार ९३१ उद्योग दर्ता भएका थिए भने गत आवमा उक्त सङ्ख्या घटेर एक हजार २६४ वटा मात्र दर्ता भएको बताइएको छ। कोरोना भाइरसका कारण यस वर्ष २०७६/७७ मा उद्योग दर्तामा कमी आएको अनुमान गरिएको छ। रु पाँच लाखभन्दा कम पूँजी लगानीका उद्योग स्थानीय पालिकामा दर्ता गर्नुपर्ने र कोरोना डरले नयाँ उद्योगी अन्योलमा परेपछि उद्योग दर्ता सङ्ख्या घटेको बताइएको छ। लकडाउनमा पनि अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा उद्योग दर्ता तथा नवीकरणबाट राजस्व भने बढेको छ।

प्राप्त विवरणअनुसार अघिल्लो आवमा रु एक करोड ७४ लाख ५८ हजार राजस्व सङ्कलन भएको थियो भने गत आवमा त्योभन्दा अत्यधिक रु दुई करोड २४ लाख ४८ हजार राजस्व सङ्कलन भएको छ। अघिल्लो वर्षको तुलनामा गत वर्षमा उद्योग कम दर्ता भए पनि राजस्व सङ्कलन बढी भएको थियो। गत वर्ष विशेष छुट दिइएको थिएन। अघिल्लो वर्षमा विशेष छुट दिइएको थियो। नवीकरण नगर्ने उद्योगलाई जरिवाना गरिएको थियो।

गत वर्ष दर्तामध्ये ६४३ महिला र ९०८ पुरुष उद्योगी भएका छन्। उत्पादनमूलक उद्योगतर्फ ५०५ महिलाले र ३०० पुरुषले रोजगारी पाएको छ। कच्चा पदार्थको अभाव, उत्पादित सामान बिक्री नहुने कारण, थप पूँजीको अभाव, बैंकको ब्याज तिर्ने र घरभाडालगायत समस्याले उद्यमी समस्यामा परेको कर्राका काष्ट उद्योगी रामपुकार ठाकुरले गुनासो गरे।

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**काठमाडौं/मस**- नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि गरेको छ। निगमले शनिबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर रु. दुईले वृद्धि गरेको छ। यस्तै डिजल र मट्टीतेलमा प्रतिलिटर रु. १.५० ले वृद्धि गरेको छ।

निगमका प्रवक्ता विनितमणि उपाध्यायका अनुसार पछिल्लो पटक इण्डियन आयल कर्पोरेशनबाट प्राप्त खरिद मूल्यअनुसार पेट्रोलियम पदार्थको मूल्य केही बढेर आएकाले मूल्यमा केही वृद्धि गरिएको हो।




प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**